
# लेखापरीक्षण प्रतिवेदन

## जैमिनी नगरपालिका, बागलुङ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## जैमिनी नगरपालिका, बागलुङ

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/506

विषयःलेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,

जैमिनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

कुश्मिसेरा, बागलुङ।

**कैफियत सहितको राय**

हामीले यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोष को वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन पेस गरेका छौं।हाम्रो रायमा, यस प्रतिवेदन को कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेकपेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१.यस पालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेद (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तर्फको रु.१८ करोड ८४ लाख ६० हजार सुत्रमा समावेश गरेको छैन।

२. यस पालिकाको रु १ अर्ब ७२ करोड ७७ लाख ६८ हजारको लेखापरीक्षण गरिएकोमारु.६ करोड ७ लाख १६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा फछ्र्यौटका लागि कुनै प्रतिकृया पेस नभई बाँकी रहेको रु ६ करोड ७ लाख १६ हजार बेरुजु मध्ये असुल गर्नुपर्ने रु.१ लाख ३६ हजार ८ सय, प्रमाण कागजात पेस गर्नुपर्ने रु. २ करोड २८ लाख ९८ हजार र नियमित गर्नुपर्ने रु. ३ करोड ७६ लाख ८० हजार रहेको छ। गत वर्षसम्म रु. १० करोड ९७ लाख २४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १७ करोड ४ लाख ४० हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

३.पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने तहाँ पालिकासँग हामी स्वतन्त्र

छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।


यस पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथाअन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ ।त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरण कोलेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

<table>
<tr><th colspan="3">प्रारम्भिक बेरुजु</th><th colspan="3">प्रतिक्रियाबाट फछ्र्यौट</th><th rowspan="3">प्रतिक्रियाबाट थप बेरुजु रकम</th><th colspan="3">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th colspan="3"></th><th colspan="3"></th><th colspan="3"></th><th>असुल गर्नु पर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th>पेस्की</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">असुल गर्नु पर्ने</th><th rowspan="2">अनियमित भएको</th><th rowspan="2">प्रमाण कागजात पेश नभएको</th><th rowspan="2">जिम्मेवारी नसारेको</th><th rowspan="2">सोधभर्ना नलिएको</th><th rowspan="2">जम्मा</th><th rowspan="2">पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th></th><th>सैद्धान्तिक</th><th>लगती</th></tr>
<tr><td>४३</td><td>१७६</td><td>६,०७,१६,२१२</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>४३</td><td>१७६</td><td>६,०७,१६,२१२</td><td>१,३६,८७६</td><td>३,७६,८०,४४३</td><td>२,२८,९८,८९१</td><td>०</td><td>०</td><td>६,०५,७९,३३६</td><td>०</td></tr>
</table>

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाग्लुङ | १०,९७,२४,००० | 0 | 0 | १०,९७,२४,००० | 0 | ६,०७,१६,२१२ | १७,०४,४०,१४९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | 0 | 0 | ० | ० |

# (८०४४५४०२३०० - जैमिनी नगरपालिका, बागलुङ )

## परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०९।०४ देखि २०८१।०९।०९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-**पालिकाको आय – व्ययतर्फ रू. १,७२,७७,६८,००० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३,५३,५४२ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | आ ले प द्धारा औंल्याएको पारिश्रमिक कर तथा बैठक भत्ता असुल गरी दाखिला | २३६४४७ |
| २ | सामाजिक सुरक्षा भत्ता वापत असुली | ११७०९५ |

पालिकाको एकीकृत आर्थिक विवरण निम्नानुसार छः

| | आय | | | व्यय | |
|---|---|---|---|---|---|
| सि.नं. | शीर्षक | रकम | सि.नं. | शीर्षक | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | चालु | ४६००६०९४६.४५ |
| २ | बैंक मौज्दात | ६४९६४७०८.५८ | २ | पूँजीगत | १७१५५३३०९.५८ |
| ३ | यस वर्षको धरौटीआम्दानी | ६३०६६०४.८४ | ३ | EFT रिजेक्ट भईभुक्तानी दायित्व वाँकी | १९२३२०.८२ |
| ४ | आन्तरिक राजश्व | १३५४०९७५.०४ | ४ | धरौटी फिर्ता | २६९९१२.०० |
| ५ | राजश्व बाँडफाँडप्रदेश सरकार | ८८७६३५५.०० | ५ | विविध खर्च खाता | ८७९३२७९.०० |
| ६ | राजश्व बाँडफाँड संघीयसरकार | ८५५२१२००.५५ | ६ | प्रकोप व्यवस्थापन कोष | १४११९६.०० |
| ७ | अन्य आय | | ७ | विविध कोष खाता | ६१०६००.०० |
| ८ | संघीय सरकारबाटप्राप्त अनुदान | | ८ | सामाजिक सुरक्षा | १८८४६०१६२.०० |
| ९ | वित्तीय समानिकरणअनुदान | १०४१६००००.०० | ९ | शशर्त अनुदान फिर्ता | ३४०३२३३९.३२ |
| १० | सशर्त अनुदान | ३९८५९५८४०.०० | १० | जम्मा व्यय | ८६५३८४०६५.१७ |
| ११ | समपुरक अनुदान | ४८८६४६६.०० | | मौज्दात श्रेस्ता अनुसार | |
| १२ | विशेष अनुदान | १०२०५२१८.०० | १२ | बैंक मौज्दात (संचितकोष) | ४८६०४८५३.८१ |
| १३ | प्रदेश सरकारबाटप्राप्त अनुदान | | १३ | धरौटी मौज्दात | ६०३६६९२ |
| १४ | वित्तीय समानिकरणअनुदान | ११०६७०००.०० | १४ | विविध कोष खाता | ६७७५१८२.६ |
| १५ | सशर्त अनुदान | ६००००००.०० | १५ | प्रकोप व्यवस्थापनखाता | ५२२५२९.६८ |
| १६ | समपुरक अनुदान | ४२१०००० | १६ | विविध खर्च खाता | २४८२३.५ |
| | | | | जम्मा मौज्दात (स्रेस्ता अनुसार) | ६१९६४०८१.५९ |
| १७ | विभिन्न कोष तर्फको आय | | १७ | मौज्दात बैंक अनुसार | |
| १८ | विविध कोष खाता | ७३८५७८२.६ | १८ | बैंक मौज्दात (संचितकोष) | ४८६३१२२४.७१ |
| १९ | प्रकोप व्यवस्थापन कोष | १९३३७२५.६८ | १९ | धरौटी मौज्दात | ६०३६६९२.८४ |
| २० | विविध खर्च खाता | ८८१८१०२.५ | २० | विविध कोष खाता | ७७७५१८२.६० |
| २१ | विषयगत निकायबाटप्राप्त रकम | | २१ | प्रकोप व्यवस्थापनखाता | ५४९१४२.६८ |
| २२ | सडक बोर्ड नेपाल | २४१६००६.०० | २२ | विविध खर्च खाता | ४५९६७३.४८ |
| २३ | धरौटी | | २३ | जम्मा मौज्दात (बैंकअनुसार) | ६३४५१९१६.३१ |
| २४ | | | २४ | फरक | १४८७८३४.७२ |
| २५ | सामाजिक सुरक्षा | १८८४६०१६२.०० | २५ | बैंक अनुसार कुल जम्मा | ९२८८३५९८१.४८ |
| | जम्मा | ९२७३४८१४६.७९ | | स्रेस्ता अनुसार कुलजम्मा | ९२७३४८१४६.७९ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ बैंक हिसाब मिलानः

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस पालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण बैंङ्कमा निम्नानुसार बढी मौज्दात देखिएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।

| खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|
| संचित कोष | ४८६०४८५३ | ४८६३१२२४ | २६६७१ |
| धरौटी | ६०३६६९२ | ६०३६६९२ | ० |
| विविध कोष खाता | ६७७५१८२ | ७७७५१८२ | १०००००० |
| विविध खर्च खाता | २४८२३ | ४५९६७३ | ४३४८४९ |
| प्रकोप व्यवस्थापन कोष | ५२२५२९ | ५४९१४२ | २६६१३ |
| जम्मा | | | १४८७८३४ |


## ३ वित्तिय विवरणको विश्लेषणः

पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु. १,३५,४०,९७५/-, राजस्व बाँडफाँटबाट रु. ९,४३,९७,१५५/- र अनुदानबाट रु. ५४,१५,४०,५३०/- समेत रु. ६४,९४,४८,६६०/- आम्दानी गरेकोमा चालुतर्फ रु. ४६,००,६०,९४६/- र पुँजीगततर्फ रु. १७,१५,५३,३०९/- समेत रु. ६३,१६,१४,२५५/- खर्च गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.१४ प्रतिशत रहेको छ । पालिकाले यस वर्ष गरेको खर्चमा आन्तरिक आयको हिस्सा न्यून रहेकोले आन्तरिक आयको अवस्था सन्तोषजनक रहेको पाइएन । आयको क्षेत्रलाई विस्तार गरी बिकासात्मक तथा दैनिक प्रशासनिक कार्यमा लगाउन सकिने हुँदा समग्र आर्थिक विकास र समृद्धि तथा दिगो विकासको लक्ष्य हासिल गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

## ४ आन्तरिक नियन्त्रण प्रणालीः

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् -

आन्तरिक नियन्त्रण प्रणालीका सम्वन्धमा लेखापरीक्षणको क्रममा पालिकाले जिन्सी निरीक्षण, योजना अनुगमन निरीक्षण, पाम्सको प्रयोग, उपभोक्ता समितिमार्फत कार्य,गुनासो सुनुवाई, वरवुझारथ, नागरिक वडापत्र, कर्मचारीको कार्यविवरण, सार्वजनिक सुनुवाई, संगठन तथा व्यवस्थापन सर्वेक्षण, कार्यसम्पादन करार, जिन्सी निरीक्षण, आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण लगायतका २९ सुचक तयार गरी फारमको विकास गरिएको र यसमा कार्यालयको धारणा छ/ छैन/ जानकारी नभएको भनी प्रश्नावली तयार गरिएकोमा ८ सुचकमा छैन भन्ने जवाफ दिएको २१ सुचकमा परिपालना भएको प्रतिकृया प्राप्त भएको छ । जसअनुसार कुल सुचकमा ८ सुचकको परिपालना नभएको अर्थात २८ प्रतिशत कार्यान्वियनमा नल्याएको ७२ प्रतिशत कार्यन्वयनमा ल्याएको पाईयो तसर्थ उपरोक्त तथ्यको आधारमा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सन्तोषजनक भएको देखिएको छ । पालिकाले कमजोर देखिएका सूचकहरुमा आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी र विश्वसनीय बनाई कार्यसम्पादन स्थितिलाई सुदृढ बनाउन ध्यान दिनुपर्दछ।




## ५ बजेट पेश, पारित र अख्तियारीः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा, ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८०/०३/१० गते रु. ५५ करोड २५ लाख 2८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०/०३/२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६ **बजेट विनियोजनः**

आर्थिक वर्ष २०८०।८१ को पालिकाको कुल बजेट मध्ये चालु र पुँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ ।

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ७४,७७,९७,२१४.५८ | ५१,९६,६१,००० | ६९.४५% | २२,८४,३६,२१४.५८ | ३०.५४% |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु. ७४ करोड ७७ लाख ९७ हजार बजेट विनियोजन भएको मध्ये चालु तर्फ रु. ५१ करोड ९३ लाख ६१ हजार (६९.४५ प्रतिशत) र पुँजीगत तर्फ रु. २२ करोड ८४ लाख ३६ हजार (३०.५५ प्रतिशत) बजेट विनियोजन भएको छ । पालिकाले चालु वजेटको तुलनामा पुँजीगत वजेटको हिस्सा वढाउने तर्फ ध्यान दिनुपर्दछ ।

७ **मौज्दात रकमः**

पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु ६३ करोड १६ लाख १४ हजार रुपैया खर्च गरेको छ भने पालिकाको बैंक खातामा रु ४ करोड ८६ लाख ३१ हजार मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सदैं गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिएकाले सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

८ **क्षेत्रगत बजेट र खर्चः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु हजारमा)

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४७२६७ | ३४८२५ | ७३.६८ |
| सामाजिक विकास | ४२५५४८ | ३८,८८,७२ | ९१.३८ |
| पूर्वाधार विकास | १२७४४८, | ९५४९२ | ७४.९३ |
| सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | २३३७१ | १२०२० | ५१.४३ |
| कार्यलय सञ्चालन | १२४१६२ | १००४०३ | ८०.८६ |
| **जम्मा** | **७४,७७,९७** | **६३,१६,१४** | **८४.४६** |

उपरोक्तानुसार कुल खर्च मध्ये सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा ५१.४३ र सामाजिक विकासमा ९१.३८ प्रतिशत खर्च भएको देखिँदा वजेट विनियोजन तथा खर्च गर्दा सन्तुलित तथा समन्यायिक हिसावले खर्च गर्ने प्रद्धतिको विकास गर्नुपर्दछ ।

९ **चौमासिक पूँजीगत खर्चः**

आर्थिका कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | पूँजीगत खर्च जैमिनी नगरपालिका | १७१५५३ | १८६४९ | ६१९३३ | ९०९७० | ३७९७७ |
| | खर्च प्रतिशत | १०० | १०.८८ | ३६.१० | ५३.०२ | १६.६२ |

उल्लेखित विवरण अनुसार तेस्रो चौमासिकमा पूँजीगत खर्च ५३.०२ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र १६.६२ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैले तेस्रो चौमासिक र असार महिनामा बढी खर्च गर्दा सार्वजनिक निर्माणको गुणस्तर र अनुगमन नियमनमा समेत असर पर्ने हुंदा यस्तो खर्च गर्ने पद्धतिमा नियन्त्रण नियन्त्रण हुनुपर्दछ ।

१० **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ७ | ३ | १० | ५ | ५ |

उपरोक्तानुसार यस वर्ष सम्म १० वटा मुद्धा दर्ता भएकोमा ५ वटा फछ्र्यौट भई ५ वटा मुद्धा वांकी रहेको छ । फछ्र्यौट हुन बाँकी मुद्धालाई तदारुकताका साथ न्याय निरुपण गर्नुपर्दछ ।

११ **कानुन निर्माणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम ७१ कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | १० |
| २. | नियमावली | ३ |
| ३. | कार्यविधि तथा निर्देशिका | ४९ |
| ४. | मापदण्ड र मार्गदर्शन | ८ |
| ५. | आचारसहिंता | १ |
| | **जम्मा** | **७१** |

पारित भएका ऐन नियमलाई अनिवार्य रुपमा राजपत्रमा प्रकाशित गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१२ **सेवाप्रवाहको स्थितिः**

शुसासन व्यवस्थापन तथा सञ्चालन ऐन २०६५ वमोजिम सार्वजनिक निकायले सेवा प्रवाहलाई छिटो छरितो पहुँचयोग्य वनाउनुपर्दछ । यस पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न विषयमा विभिन्न प्रकारका १८५६ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रवाह गरेको छ तर के कति सेवाग्राहीले सेवाको लागि निवेदन दिएका थिए सो को रेकर्ड प्राप्त हुन सकेन। पालिकाले सेवा प्रवाहको पृष्ठपोषणको रुपमा सेवाग्राही सन्तुष्टी फारमको विकास गरि पृष्ठपोषणको समेत व्यवस्था गर्नुपर्दछ ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ९२६ |
| मृत्यु दर्ता | २६५ |
| बसाईसराई दर्ता | २६४ |
| विवाह दर्ता | ३७१ |
| सम्बन्ध विच्छेद दर्ता | ३० |
| **जम्मा** | १८५६ |

१३ **कर दर्ता स्थितिः**

पालिकाको आर्थिक ऐन, २०८० को दफा(१ देखि १५)सम्ममा उल्लेख भएवमोजिम पालिकाको क्षेत्रभित्र कुनैपनि आर्थिक कारोवार गरेमा सम्वन्धित दफा तथा अनुसुची वमोजिम दर्ता भई कर दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको क्षेत्रभित्र आर्थिक वर्ष २०८०।८१ सम्म विभिन्न शीर्षकमा के कति करदाता करको दायरामा आए भन्ने एकिन गरेको देखिएन । सम्पूर्ण रेकर्ड व्यवस्थापन गर्नुपर्दछ ।

१४ **शीर्षकगत राजस्व लक्ष्य असुलीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर र भूमिकरणको अनुमान एकिकृत रहेको | ८००००० | ३१७९०८ | ३९.६२ |
| बहाल बिटौरी शुल्क | ५०२५००० | ६८२४७१५ | १३५ |
| भूमिकर मालपोत | | ७६६६७० | १०० |
| व्यक्तिगत घटना दर्ता | ३००००० | ५९११३४ | १९७ |
| सिफारिस र नाता प्रमाणित | ३०५०००० | २४०८०४६ | ७८.९६ |
| व्यवसायकर | १४००००० | १०४२९९३ | ७४.४२ |
| परीक्षा दस्तुर | ४०००० | ७६००० | १९० |
| नक्सा पास | २५००० | ४४१८३ | १७६ |
| नदिजन्य पदार्थ विक्रि | ५०००० | २४००० | ४८ |
| अखेटोपहरामा लाग्ने कर | | ३०००० | १०० |
| बेरुजु रकम फिर्ता | | ७१२२ | १०० |
| अन्य सेवा शूल्क | ६१५००० | १०५६९८५ | १.७१ |
| जम्मा | ११५००००० | १३५४०९७५ | ११७.३९ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ११७.३९ प्रतिशत आन्तरिक आय संकलन गरेको देखिन्छ । पालिकको समग्र राजश्व संकलन अनुमानभन्दा बढी नै हुने देखिएतापनि विगत ३ वर्षको राजश्व अनुमान तथा संकलनको स्थति अनुसार पालिकाले राजश्वको घटी प्रक्षेषण गर्दा अनुमानित भन्दा बढि संकलन हुने देखिएको छ । यसबाट पालिकाले राजश्वको यथार्थ

चित्रण तथा अनुमान नगरेको पाइएको छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ । आन्तरिक आय अनुमान गर्दा यथार्थपरक हुने गरी तर्जुमा गर्नुपर्दछ ।

१५ **नक्सापासः**

स्थानीय सरकार सञ्चालन ऐन पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० मा उल्लेख गरे अनुसारपालिका क्षेत्र भित्र नक्सापास दस्तुर निवेदन फारमको रु १००० , भई तला र पहिलो तलामा प्रतिवर्ग फिट रु ५ , दोस्रो तला प्रतिवर्ग फिट रु ६ र तेस्रो र चौँथो र सो भन्दा माथि प्रतिवर्ग फिट रु ८ लगाईने उल्लेख छ । बजार क्षेत्रमा निर्माण हुने पर्खालको प्रतिवर्ग फिट रु १ रुपैया लगाइने उल्लेख छ र कच्ची घर अनुमति रु ५०० लाग्ने उल्लेख गरी यस वर्ष रु २५००० लक्ष्य रहेकोमा रु ४४००० असुल भएको छ । पालिकामा नयाँ घर निर्माणमा अनिवार्य रुपमा नक्सापास गरी निर्माण गर्ने गरेको देखिएता पनि पुराना घरधुरीहरु के कति नक्सापास नगरी घरनिर्माण भएका छन् सो को अद्यावद्यिक तथ्यांक पालिकाले राखेको तथा अनुगमन गरी लगत राख्ने तथा दायरामा ल्याउने प्रयास गरेको पाइएन ।यस शीर्षकको आम्दानीमा वढोत्तरी गर्न करको दायरामा विस्तार गर्नुपर्दछ ।

१६ **पटके करः**

पालिकाको आर्थिक ऐन २०८० दफा ४ वमोजिम तथा मिति २०८०।९।२३ को निर्णय अनुसार जिल्ला बाहिर लैजाने र घुम्ती पसल राख्ने (पटके व्यवसाय),सवारी साधन (अभिलेखिकरण कर) लाई व्यवस्थित रुपमा संकलन गर्नका लागि अनुमानित दररेट निर्धारण गरी रु १६३००० मा ठेक्का लगाउने निर्णय गरेकोमा उक्त ठेक्का लगाएको तथा सो सम्बन्धि थप प्रकृया पालिकाले अघि बढाएको पाइएन । व्यवसायजन्य सवै क्रियाकलापलाई राजस्वको दायरामा ल्याउनुपर्दछ।

१७ **तुलनात्मक स्थितिः**

नगरपालिकाको आर्थिक ऐन,२०८० तथा पालिकाको नीति तथा कार्यक्रममा राजस्व प्रणालीलाई सुचनामैत्री, सुद्बृद वनाउने,करका दर तथा दायरा वृद्धि तथा नीतिमा पुनरावलोकन, आन्तरिक आयलाई वैज्ञानिक वनाउने उल्लेख गरेको छ । पालिकाको विगत ३ वर्षको राजस्व लक्ष्य तथा असुली अवस्था देहायअनुसार रहेको छ ।

| आर्थिक वर्ष २०७८।०७९ | | आर्थिक वर्ष २०७९।०८० | | आर्थिक वर्ष २०८०।०८१ | |
|---|---|---|---|---|---|
| लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली |
| ८७०० | १०३५१ | १०५०० | ११८९२ | ११५०० | १३५४० |

उपरोक्तानुसार आर्थिक वर्ष २०७८।७९ मा लक्ष्यको तुलनामा ११८ प्रतिशत, २०७९।८० मा ११७ प्रतिशत र आर्थिक वर्ष २०८०।८१ मा ११७.७ प्रतिशत असुली भएको अवस्था छ । विगत ३ वर्षको तथ्यांक हेर्दा राजस्व अवस्था बृद्धि भएको भएतापनि पालिकाले घरवहाल, सम्पत्तिकर, व्यवसायकर, ढुंगागिटी वालुवाको कर संकलनमा जोड दिनुपर्ने साथै पालिकाले राजश्वको यथार्थ चित्रण गर्दै दायरा तथा क्षेत्र बढाउँदै आन्तरिक आयमा बढोत्तरी गर्नुपर्दछ ।

१८ **वहाल विटौरी करः**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ मा भएको व्यवस्था अनुसार पालिकाले आफ्नो क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा सञ्चानल गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल बिटौरी शुल्क लगाउने उल्लेख छ ।यस शिर्षकमा पालिकाले पालिकाको जे सि वि भाडा शुल्क प्रति घण्टा रु २८०० दरले जम्मा रु २६ लाख ७६ हजार आम्दानी गरेको छ । वहाल कर १० % , ढुवानी कर (२.५%) तथा उ स ले भाडामा लिएको डोजरको १०% शुल्क लगायतबाट पालिकाले यस वर्ष ५५ लाख १५ हजार उठाउने लक्ष राखेकोमा ६८ लाख २४ हजार संकलन गरेको छ । वहाल कर शिर्षकमा राजस्व असुली भएको देखिएन,यस क्षेत्रलाई करको दायरामा ल्याई राजस्व वढीत्तरीमा ध्यान पुर्याउनुपर्दछ ।

१९ **कवाडी करः**

पालिकाले कवाडी मालसामान र जीवजन्तु विक्री वितरण तथा उपभोगमा लाग्ने कर संकलन कार्यको लागि मिति २०८०।७।१३ मा सुचना प्रकाशन गरी न्यूनत्त मुल्य रु १५०००० निर्धारण गरी सुचना प्रकाशन गरेकोमा कुनैपनि ठेक्का नपरेकोले राजश्व परामर्श

समितिको निर्णयबाट न्युनत्तम कबोल अंक रु ५०००० कायमगरी दोस्रो पटक मिति २०८०।१०।७ मा सुचना प्रकासशन गरेकोमा गणपति कवाडि संकलन विक्रि केन्द्रले रु ५०५०० मा कबोल गरेको पाइएकोमा उक्त विक्रि केन्द्रले लेखापरीक्षणको अवधिसम्म रु ३०००० रकम जम्मा गरी रु २०५०० जम्मा गर्न बाँकि देखिएकोले सो रकम पालिकाको राजश्व खातामा जम्मा गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,५०० |

२० **वहाल करः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा वमोजिम कुनै व्यक्ति वा संस्थाले भवन,घर, पसल, ग्यारेज,वर्कसप, गोदाम भाडामा लगाएमा वा व्यक्तिले भाडामा लगाएमा १० प्रतिशत कर लगाईने उल्लेख छ । यस वर्ष सम्म पालिका भित्र के कति घरधनी दर्ता भएको छन एकीकृत लगत विवरण उपलव्ध हुन सकेन । घरभाडा वापत पालिकाले रु ४ लाख असुल गर्ने लक्ष्य राखेकोमा रु. ३ लाख ५१ हजार असुली भएको छ । लक्ष्य अनुसार राजस्व असुल भएको पाइएन । घरभाडा आम्दानी पालिकाको प्रमुख आर्थिक स्रोत हो तर घरवहाल करमा पालिकाले घरभाडा कर तिर्ने करदाताको म्यापिङ(Mapping) गरेको देखिएन । साथै कति करदाताले घरभाडा कर दाखिला गरे नगरेको समेत एकिकृत लगत सिस्टमवाट देखिदैन । घरवहाल करलाई करको दायरामा ल्याई राजस्वको दायरा विस्तार गर्नुपर्दछ ।

२१ **अनुमति वेगर राजस्व सफ्टवयेरः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ । तर पालिकाले महालेखा नियन्त्रक कार्यालयको स्वीकृती बेगर नक्सापास सफ्टवयेर लागि फोर जी सफ्ट कम्पनीको नामको सूचना प्रणाली प्रयोग गरी यस वर्ष रु ८१५०००।०० राजस्व आम्दानी गरेको देखाएको छ । स्वीकृती बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, आन्तरिक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विस्वसनीयता र सम्भाव्य जाखिम बारे समेत आश्वसत्त हुन सक्ने अवस्था देखिएन । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

२२ **वक्यौता व्यवस्थापनः**

पालिकाको यस वर्षसम्म दर्ता भएका कूल करदाता कति हुन र कति करदाताले करदाखिला गरे साथै २०८१ आषाढ सम्म के कति करदाताले कर तिर्न वांकी रहेको छ वांकी वक्यौता कति हो सोको अद्यावधिक विवरण पेश हुन सकेन । पालिकाले करदाताको वक्यौता अभिलेख रियलटाईम अद्यावधिक भएको पाईएन तसर्थः करदाताको रियल टाईम वक्यौता देखिने गरी प्रणालीको विकास गरी लगत अद्यावधिक गर्नुपर्दछ ।

२३ **ढुंगा गिटी वालुवाको आयः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा १४ वमोजिम नगरपालिका क्षेत्र भित्र अनुसुची १३ वमोजिम ढुङ्गा, गिटी ,वालुवाको कर लगाईने उल्लेख छ । यस सम्वन्धमा जिल्लाको विभिन्न स्थानमा अवैद्ध ढुङ्गा ,गिटी ,वालुवा उत्खनन तथा विक्री वितरण भएको भनी बागलुङ जिल्लाको नदिजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिवाट नगरपालिकालाई पत्राचार समेत भएको छ । ढुङ्गा,गिट्टी,बालुवा उत्खनन ,विक्रि वितरण तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ को दफा १२ मा ठूला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाको लागि विशेष व्यवस्था रहेको छ ।व्यवस्था अनुसार नदीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह र विकास साझेदारबाट सञ्चालित त्यस्ता आयोजनाहरुलाई आवश्यक पर्ने ढुंगा, गिट्टी, वालुवाको वातावरणीय अध्ययन प्रतिबेदनको पालना हुनेगरी सम्बन्धित पालिकाले नियमानुसारको शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामाग्री संकलनको व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । त्यस्तै सोही बुँदाको (७) मा सडक निर्माण वा विस्तारको क्रममा सडक अधिकार क्षेत्र भित्रबाट निस्कने ढुङ्गा, गिट्टी, वालुवा जस्ता निर्माण सामाग्री सम्बन्धित आयोजनाले उपयोग गर्ने अवस्थामा त्यस्तो सामाग्रीको परीमाणको आधारमा लाग्ने विक्रिमूल्य वापतको रकम सम्बन्धित पालिकामा बुझाएर मात्र उपयोग गर्न सकिने उल्लेख छ ।यस पालिकाको कालिगण्डकि करिडोर सडकको हर्मीचौर देखि वलेवा सम्मको सडक खण्ड स्तरोन्नति कार्यका लागि जैमिनि नगरपालिका वडा नं ८ छिस्ती स्थित श्री दिलबहादुर क्षेत्रीको नाममा रहेको क्रसर प्लान्ट अस्थाई रुपमा स्थापना गर्ने संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, कालिगण्डकि कोरिडोर सडक योजनाको मिति २०८०।१।०५

च नं ६३८ को सिफारिस पत्र सहित उक्त सडक स्तरोन्नतिको जिम्मा पाएको कालिका कन्स्ट्रक्सन प्रा लि काठमाडौँको २०८०।१।१४ को पत्रबाट अस्थायी क्रसर प्लान्ट स्थापनाको लागि अनुमति माग गरी लेखि आएकोमा पालिकाले गण्डकि प्रदेश सरकारबाट तोके बमोजिमको रोयल्टी बुझाउने शर्तमा आयोजनाको काममा मात्र प्रयोग गर्नेगरी नेपाल सरकारबाट जारी भएको ढुंगा, गिट्टी, बालुवा विक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड,२०७७ अनुसार अनुमति दिने कार्यपालिकाको मिति २०८१।१।२५बाट निर्णय भएको छ ।सो व्यवस्था र ऐन मा भएको प्रवाधान अनुसार पालिकाले उक्त अस्थायी क्रसर उद्योगबाट नियमानुसारको शुल्क वा दस्तुर लिन सक्ने तथा पालिकाको अधिकार क्षेत्र भित्रबाट निस्कने ढुङ्गा, गिट्टि बालुवा जस्ता निर्माण सामाग्रीबाट आम्दानी गर्न सक्ने देखिएको छ । त्यस्तै पालिकाको राजश्व परामर्श समितिको बैठकले सञ्चालित क्रसर उद्योगबाट अन्य योजनाले समेत सामाग्री माग गर्न गएको भन्ने जानकारी पत्र प्राप्त भएकोले उक्त क्रसर उद्योगलाई Right of Way भन्दा अतिरिक्त उत्खनन् गर्न नदिने, उत्खनन गर्दा विस्तृत वातावरणिय प्रतिबेदन EIA/IEE ले निर्धारण गरेका वातावरण संरक्षणका सर्तहरुको पूर्ण पालना गर्नुपर्ने,पालिकाको प्राविधिकले सिफारिस गरेको परिमाणको मात्र ढुंगा, गिट्टी र वालुवा प्रयोग गर्नुपर्ने, ढुंगा गिट्टी र बालुवामा प्रदेश सरकारले तोके बमोजिमको रोयल्टी पालिकाले तोके बमोजिम बुझाएर मात्र कारोबार गर्नुपर्ने तथा यसरी विक्रि भएको पदार्थको विवरण चुस्त दुरुस्त राख्नुपर्ने र पालिकाले मागेको बेला उपलब्ध गराउनुपर्ने भन्ने निर्णय गरेको छ । समितिको निर्णय तथा कानुनमा भएको व्यवस्था अनुसार पालिकाले सम्बन्धित क्रसरबाट कुनैपनि आय गर्न सकेको देखिएन ।उक्त क्रसरबाट के कति परिमाणको उत्खनन् भएको छ सो को विवरण पालिकाले माग गरेको पाइएन ।पालिकाको आन्तरिक आय न्यून रहेको तथा आगामी वर्षमा घाटा बजेट हुने अवस्था रहेको छ ।सो परिपेक्षमा समेत पालिकाले उक्त क्रसर उद्योगबाट निमयमा भएको व्यवस्था अनुसारको शुल्क उठाउन पहल गरेको देखिएन ।अत; पालिकाले अस्थायी अनुमति दिई शर्तमा उल्लेख भएअनुसार के कति परिमाणमा प्रयोग गरेको हो विवरण प्राप्त गरी सोमा लाग्ने शुल्क दाखिला गर्न निज निर्माण व्यवसायीलाई करको दायरामा ल्याउनुपर्दछ

२४ **परामर्श खर्चः**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.स. | कामको विवरण | परार्मशदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | भू-उपयोग नक्साङ्कन गर्ने कार्यक्रम | Geo Info Solution and Research Service Pvt. Ltd. | १०००००५० | ९९५५०० | -०.४५५ | QCBS |
| २ | नगर सडक गुरुयोजना | Narayani Training and Engineering Pvt. Ltd. Gaidakot, Nawalpur | ७१०१२१ | ६९५१६७ | -२.१०६ | QCBS |
| ३ | वडा कार्यालय/स्वास्थ्य संस्था भवन डिपिआर निर्माण | श्री डेल्कन इन्टरनेशनल प्रा.लि. | ८००२१५ | ७८९७०० | -१.३१४ | QCBS |
| ४ | डिजिटल नागरिक वडापत्र निर्माण | Matrix Softech Pvt.Ltd. | ७९९६२६ | ७९५९०० | -०.४६६ | Quotation |
| ५ | आवद्यिक योजना निर्माण | Phenapati consultant Pvt.Ltd | ९९९६७१ | ५९८९०० | -४०.०९ | QCBS |
| ६ | राजश्व सुधार योजना तयार | डेभलपमेन्ट ईनिसिएसन नेपाल प्रा.लि. बानेश्वर | ४९९६८६ | ४७९६८५ | -४.००३ | Quotation |
| ७ | लैससास रणनिती तर्जुमा | Pragya Research and Development Consultant Pvt.Ltd Budhanilkantha | २०००१० | १९८३१५ | -०.८४७ | Quotation |
| ८ | जैमिनीधाम गुरुयोजना निर्माण | Astra Engineering Consultancy Pvt. Ltd. | ५९९६११ | ५८७६०० | -२.००३ | QCBS |
| | जम्मा | | ५६०८९९० | ५१४०७६७ | | |

उपरोक्त विवरण अनुसार पालिकाले डि पि आर गुरुयोजना तथा रणनीति तयारीमा सेवा कार्यमा खुला प्रतिस्प्रर्धावाट सेवा खरिदका लागि जम्मा रु. ५६ लाख ९ हजारको लागत अनुमान तयार गरी सम्झौता अनुसार रु. ५१ लाख ४१ हजार भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा ९.१६ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य

गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराई सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२५ **शिक्षक दरवन्दी र पदपूर्ति :**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विधालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको ब्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ८० सामुदायिक विधालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विधार्थिको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| विधालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ति | पदपूर्ति मध्ये राहत / करार | रिक्त दरबन्दी | बिधार्थि संख्या |
|---|---|---|---|---|---|
| सामुदायिक | ३८५ | ३८१ | १४९ | ४ | ४४९४ |

उक्त विवरण अनुसार पालिकामा जम्मा ३८५ दरबन्दी रहेकोमा २३२ जना स्थायी पदपूर्ति र १४९ जना राहत / करारमा नियुक्त गरी जम्मा ३८१ दरबन्दी पदपुर्ति गरेको देखिन्छ भने ४ दरबन्दीको पद रिक्त रहेको छ । पालिकाले विधालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ति गरी सामुदायिक विधालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२६ **समानिकरण अनुदानबाट शिक्षकको तलब भत्ता :**

अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन २०७४ को दफा ९ ले स्थानीय तहलाई शसर्त अनुदान उपलब्ध गराउने ब्यबस्था छ । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विधालयले गत विगत देखि नै आन्तरिक स्रोतबाट तलब भत्ता ब्यहोरेका बाल विकास केन्द्र सहजकर्ता र विधालय कर्मचारीलाई वित्तिय समानीकरण अनुदानबाट रु. ५५,६३,५००।०० तलब भत्ताका लागि अनुदान दिएको पाइयो । पालिकाले आन्तरिक आम्दानी समेत न्यून रहेको अवस्थामा यसरी विधालयले ब्यवस्था गरेको निजी शिक्षकहरुको तलब वापत रकम समानीकरणबाट अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| गो.भौ.न. | मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ५० | ०८१-३-११ | बाल विकास केन्द्र सहजकर्ता र विधालय कर्मचारी तलब भत्ता | ९६८००० |
| २९ | ०८०- १२-२५ | बाल विकास केन्द्र सहजकर्ता र विधालय कर्मचारी तलब भत्ता | ३२००० |
| ३१ | ०८०-१२- २५ | बाल विकास केन्द्र सहजकर्ता र विधालय कर्मचारी तलब भत्ता | ११६७००० |
| ३३ | ०८०-१२-२७ | बाल विकास केन्द्र सहजकर्ता र विधालय कर्मचारी तलब भत्ता | ९६८००० |
| ४८ | ०८१- ३- ११ | बाल विकास केन्द्र सहजकर्ता र विधालय कर्मचारी तलब भत्ता | ५१००० |
| ५० | ०८१- ३- ११ | बाल विकास केन्द्र सहजकर्ता र विधालय कर्मचारी तलब भत्ता | १३९६००० |
| ५१ | ०८१-३-११ | बाल विकास केन्द्र सहजकर्ता र विधालय कर्मचारी तलब भत्ता | ९८१५०० |
| | | जम्मा | ५५६३५०० |

| अनियमित भएको | ५५,६३,५०० |
|---|---|

२७ **सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थापन :**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.५० अनुसार पालिकाले प्रति विधार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थापनका लागी भौ.नं २५४।०८०-१२-१४ र भौ.नं.४०४।०८१-३-११ बाट ८० विधालयलाई रु.२४,१८,१५०।०० अनुदान दिएको छ। उक्त कार्यान्वयन पुस्तिका अनुसार विधालयले उक्त अनुदान खर्च गरी प्रगति प्रतिवेदन पेश गर्नुपर्ने व्यबस्था रहेकोमा ८० विधालयहरुले लेखापरीक्षण अवधि सम्म पनि प्रगति प्रतिवेदन पेश नगरेकोले प्रगति प्रतिवेदन पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,१८,१५० |

२८ **पाठ्यपुस्तक :**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार पालिकाले सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थी हरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान उपलव्ध गराएकोमा ८० विधालय लाई पाठयपुस्तक वापत रु.२९,९७,६९४.।– निकासा भएकोमा लेखापरीक्षण अवधि सम्म पनि पाठ्यपुस्तक बिधार्थिलाई बुझाएको भरपाई पेश गरेको नपाईएकोले प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,९७,६९४ |

२९ **शिक्षक विधार्थि अनुपात :**

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिको निर्णयले न्यून विद्यार्थी भएका विद्यालयलाई अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागी विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका ८० सामुदायिक विद्यालयसमेतको प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| क्र. सं | विधालयको नाम | शिक्षक संख्या | विधार्थि संख्या | शिक्षक विधार्थि अनुपात |
|---|---|---|---|---|
| १ | अमर प्राथमिक विधालय, अर्जेवा | २ | १६ | ८.०० |
| २ | जनज्योति आधारभूत विधालय, अर्जेवा | १ | ९ | ९.०० |
| ३ | जनशिक्षित माध्यमिक विधालय, अर्जेवा | १५ | २०७ | १३.८० |
| ४ | जनकल्याण माध्यमिक विधालय, अर्जेवा | १२ | १४१ | ११.७५ |
| ५ | गण्डकी प्राथमिक विधालय, विनामारे | ३ | २२ | ७.३३ |
| ६ | सरस्वती प्राथमिक विधालय, विनामारे | ३ | ३५ | ११.६७ |
| ७ | शिशुकल्याण प्राथमिक विधालय, विनामारे | १ | ७ | ७.०० |
| ८ | दलितउत्थान प्राथमिक विधालय, विनामारे | ३ | ४६ | १५.३३ |
| ९ | ज्ञानोदय प्राथमिक विधालय, विनामारे | ३ | ४३ | १४.३३ |
| १० | सर्वोदयजनक माध्यमिक विधालय, विनामारे | १३ | २२४ | १७.२३ |
| ११ | केवैखानी प्राथमिक विधालय, छिस्ती | ३ | २८ | ९.३३ |
| १२ | सरस्वती प्राथमिक विधालय, छिस्ती | २ | १० | ५.०० |
| १३ | ताराज्योति प्राथमिक विधालय, छिस्ती | १ | ३ | ३.०० |
| १४ | बालबिकास प्राथमिक विधालय, छिस्ती | २ | २० | १०.०० |
| १५ | पृथ्वी प्राथमिक विधालय, छिस्ती | २ | २१ | १०.५० |
| १६ | नवज्योति प्राथमिक विधालय, छिस्ती | ३ | २९ | ९.६७ |
| १७ | विधामन्दिर प्राथमिक विधालय, छिस्ती | ३ | २५ | ८.३३ |
| १८ | बाङलिङ प्राथमिक विधालय, छिस्ती | ३ | ३१ | १०.३३ |
| १९ | जनकल्याण माध्यमिक विधालय, छिस्ती | १२ | २०९ | १७.४२ |
| २० | छिस्ती आधारभूत विधालय, छिस्ती | ७ | १०७ | १५.२९ |
| २१ | बसन्त माध्यमिक विधालय, छिस्ती | १२ | १३७ | ११.४२ |
| २२ | कवाङदी प्राथमिक विधालय, छिस्ती | १ | ५ | ५.०० |
| २३ | शहिदस्मारक प्राथमिक विधालय, दमेक | २ | १४ | ७.०० |
| २४ | गणेश प्राथमिक विधालय, दमेक | २ | ११ | ५.५० |
| २५ | कृष्ण प्राथमिक विधालय, दमेक | ३ | ३४ | ११.३३ |
| २६ | सगरमाथा प्राथमिक विधालय, दमेक | १ | ९ | ९.०० |
| २७ | ज्ञानज्योति प्राथमिक विधालय, दमेक | ३ | २९ | ९.६७ |
| २८ | सरस्वती प्राथमिक विधालय, दमेक | ४ | ४८ | १२.०० |
| २९ | जनभावना प्राथमिक विधालय, दमेक | १ | ५ | ५.०० |
| ३० | दुर्गा प्राथमिक विधालय, दमेक | ३ | ३५ | ११.६७ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | जनज्योति प्राथमिक विधालय, दमेक | १ | ४ | ४.०० |
| ३२ | लक्ष्मी प्राथमिक विधालय, दमेक | १ | ७ | ७.०० |
| ३३ | दिव्यज्योति प्राथमिक विधालय, दमेक | १ | ३ | ३.०० |
| ३४ | भरतपुरी माध्यमिक विधालय, दमेक | १२ | १४७ | १२.२५ |
| ३५ | शिवालय आधारभूत विधालय, दमेक | ७ | ७९ | ११.२९ |
| ३६ | जनप्रिय माध्यमिक विधालय, दमेक | १२ | १२३ | १०.२५ |
| ३७ | सुन्तलाचौर माध्यमिक विधालय, दमेक | १४ | १९१ | १३.६४ |
| ३८ | शारदा प्राथमिक विधालय, दमेक | ३ | २६ | ८.६७ |
| ३९ | जनता प्राथमिक विधालय, जैदी | २ | १६ | ८.०० |
| ४० | ज्ञानज्योति प्राथमिक विधालय, जैदी | ३ | ३० | १०.०० |
| ४१ | कुईधाङ प्राथमिक विधालय, जैदी | ३ | ३१ | १०.३३ |
| ४२ | शारदा प्राथमिक विधालय, जैदी | ३ | ३३ | ११.०० |
| ४३ | जनता बाल साक्षरता प्राथमिक विधालय, जैदी | १ | ५ | ५.०० |
| ४४ | सरस्वती आधारभूत विधालय, जैदी | ७ | ६९ | ९.८६ |
| ४५ | संस्कृत माध्यमिक विधालय, जैदी | १५ | ११३ | ७.५३ |
| ४६ | भगवती प्राथमिक विधालय, जैदी | ३ | ३२ | १०.६७ |
| ४७ | सतीढुंगा माध्यमिक विधालय, जैदी | १२ | १७१ | १४.२५ |
| ४८ | सिद्धिगणेश प्राथमिक विधालय, कुश्मी | ३ | १४ | ४.६७ |
| ४९ | जैमिनी प्राथमिक विधालय, कुश्मी | ३ | १७ | ५.६७ |
| ५० | जनचेतना प्राथमिक विधालय, कुश्मी | ३ | ४० | १३.३३ |
| ५१ | पल्लोपाखा सा.मा.वि.,कुश्मी | १२ | ११८ | ९.८३ |
| ५२ | कुश्मी प्राथमिक विधालय, कुश्मी | ३ | २९ | ९.६७ |
| ५३ | सरस्वती प्राथमिक विधालय, कुश्मी | २ | १८ | ९.०० |
| ५४ | शान्ति माध्यमिक विधालय, कुश्मीसेरा | १६ | २१६ | १३.५० |
| ५५ | जनता माध्यमिक विधालय, पैयुंथन्थाप | १२ | १५९ | १३.२५ |
| ५६ | मेलमिलाप प्राथमिक विधालय, पैयुंथन्थाप | २ | २६ | १३.०० |
| ५७ | सिद्ध प्राथमिक विधालय, पैयुंथन्थाप | २ | २१ | १०.५० |
| ५८ | विजुवा माध्यमिक विधालय, पैयुंथन्थाप | ११ | १४९ | १३.५५ |
| ५९ | एकता प्राथमिक विधालय, पैयुंथन्थाप | २ | १० | ५.०० |
| ६० | जनज्योति प्राथमिक विधालय, पैयुंथन्थाप | १ | ९ | ९.०० |
| ६१ | जनता प्राथमिक विधालय, पैयुंथन्थाप | ३ | ३० | १०.०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६२ | रजत जयन्ती प्राथमिक विधालय, पैयुंथन्थाप | २ | १५ | ७.५० |
| ६३ | गाँउ फर्क आधाभूत विधालय, पैयुंथन्थाप | ७ | ४३ | ६.१४ |
| ६४ | तारेभिर मौरीभिर प्राथमिक विधालय, पैयुँथन्थाप | १ | ६ | ६.०० |
| ६५ | शंकर प्राथमिक विधालय, राङखानी | १ | १३ | १३.०० |
| ६६ | धनचिना प्राथमिक विधालय, राङखानी | २ | १९ | ९.५० |
| ६७ | राङखानी माध्यमिक विधालय, राङखानी | १३ | २४८ | १९.०८ |
| ६८ | जनजागृति प्राथमिक विधालय, राङखानी | १ | ८ | ८.०० |
| ६९ | देउराली प्राथमिक विधालय, राङखानी | २ | २५ | १२.५० |
| ७० | जनता माध्यमिक विधालय, राङखानी | १३ | २३३ | १७.९२ |
| ७१ | बालसाक्षरता प्राथमिक विधालय, राङखानी | १ | १० | १०.०० |
| ७२ | जनता प्राथमिक विधालय, राङखानी | ३ | ३० | १०.०० |
| ७३ | जनप्रिय आधारभूत विधालय, राङखानी | ३ | ३२ | १०.६७ |
| ७४ | सरस्वती प्राथमिक विधालय, सर्कुवा | २ | १९ | ९.५० |
| ७५ | जनता माध्यमिक विधालय, सर्कुवा | १३ | १४९ | ११.४६ |
| ७६ | सर्वोदय प्राथमिक विधालय, सर्कुवा | २ | ५ | २.५० |
| ७७ | दिव्यज्योति प्राथमिक विधालय, सर्कुवा | ३ | ४९ | १६.३३ |
| ७८ | जनप्रिय आधारभूत विधालय, सर्कुवा | ६ | ५१ | ८.५० |
| ७९ | जनज्योति प्राथमिक विधालय, सर्कुवा | २ | १९ | ९.५० |
| ८० | जैमिनी संस्कृत आधारभूत विधालय, दमेक | ३ | २४ | ८.०० |
| | जम्मा | ३८१ | ४४९४ | ११.८ |

यस पालिकामा रहेका विधालय मध्ये उल्लेखित विधालयमा शिक्षक विधार्थि अनुपात ३:०० देखि १७:४२ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विधालयमा शिक्षक दरबन्दी न्यून अबस्थामा रहेको र कतिपयमा न्यून विधार्थि संख्या रहेका कारण प्रति विधार्थि लागत बढ्न गएको अवस्था देखिन्छ । अत: भौगोलिक दुरी टाढा भएमा बाल विकाश केन्द्र स्थापना गरी न्यून विधार्थी संख्या भएको विधालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठन पाठन ब्यवस्थित गर्नुपर्दछ ।

३० **छात्रवृत्ति भरपाई :**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/०८१ अनुसार पालिकाले सार्वजनिक विधालयमा अध्ययनरत विधार्थिहरुका लागि छात्रवृत्ति अनुदान IEMIS डाटा अनुसार स्विकृत दररेट बमोजिम उपलब्ध गराएकोमा लेखापरीक्षण अवधि सम्म ६ वटा विधालयले विधार्थिलाई छात्रवृत्ति वितरण गरेको भरपाई पेश नगरेकोले सम्बन्धित विधालयहरुवाट आवश्यक प्रमाण कागजात सहित भरपाई पेश गर्नुपर्ने रु.

| बिधालयको नाम | विवरण | रकम |
|---|---|---|
| जनशिक्षित माध्यमिक विधालय, अर्जेवा | छात्रवृत्ति अनुदान | ४२४०० |
| जनकल्याण माध्यमिक विधालय, अर्जेवा | छात्रवृत्ति अनुदान | ३२८०० |
| बसन्त माध्यमिक विधालय,जैमिनी | छात्रवृत्ति अनुदान | ३०८०० |
| जनता प्राथमिक विधालय, जैमिनी | छात्रवृत्ति अनुदान | ५६०० |
| ज्ञानज्योती प्राथमिक विधालय, जैमिनी | छात्रवृत्ति अनुदान | ८८०० |
| तारा ज्योती प्राथमिक विधालय, जैमिनी | छात्रवृत्ति अनुदान | ४०० |
| | | १२०८०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२०,८०० |

३१ **ईन्टरनेट जडान :**

कार्यक्रम कार्यन्वयन पुस्तीका २०८०।०८१ को व्यवस्था अनुसार पालिका भित्रका ८० विद्यालयहरुलाई ईन्टरनेट जडानका लागी प्रति विद्यालय रु.१२ हजार का दरले रु.९,६०,००० भुक्तानी भएकोमा ८० विद्यालयको ईन्टरनेट जडान भएको बिल पेश नहुनुको साथै पालिकाले अनुगमन गरेको समेत नपाईएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | विधालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | अमर प्राथमिक विधालय, अर्जेवा | १२००० |
| २ | जनज्योति आधारभूत प्राविधिक विधालय, अर्जेवा | १२००० |
| ३ | जनशिक्षित माध्यमिक विधालय, अर्जेवा | १२००० |
| ४ | जनकल्याण माध्यमिक विधालय, अर्जेवा | १२००० |
| ५ | गण्डकी प्राथमिक विधालय, विनामारे | १२००० |
| ६ | सरस्वती प्राथमिक विधालय, विनामारे | १२००० |
| ७ | शिशुकल्याण प्राथमिक विधालय, विनामारे | १२००० |
| ८ | दलितउत्थान प्राथमिक विधालय, विनामारे | १२००० |
| ९ | ज्ञानोदय प्राथमिक विधालय, विनामारे | १२००० |
| १० | सर्वोदयजनक माध्यमिक विधालय, विनामारे | १२००० |
| ११ | केवैखानी प्राथमिक विधालय, छिस्ती | १२००० |
| १२ | सरस्वती प्राथमिक विधालय, छिस्ती | १२००० |
| १३ | ताराज्योति प्राथमिक विधालय, छिस्ती | १२००० |
| १४ | बालविकास प्राथमिक विधालय, छिस्ती | १२००० |
| १५ | पृथ्वी प्राथमिक विधालय, छिस्ती | १२००० |
| १६ | नवज्योति प्राथमिक विधालय, छिस्ती | १२००० |
| १७ | विधामन्दिर प्राथमिक विधालय, छिस्ती | १२००० |
| १८ | बाङ्लीङ प्राथमिक विधालय, छिस्ती | १२००० |
| १९ | जनकल्याण माध्यमिक विधालय, छिस्ती | १२००० |
| २० | छिस्ती आधारभूत विधालय, छिस्ती | १२००० |
| २१ | बसन्त माध्यमिक विधालय, छिस्ती | १२००० |
| २२ | क्वाङ्दी प्राथमिक विधालय, छिस्ती | १२००० |
| २३ | शहिद स्मारक प्राथमिक विधालय, दमेक | १२००० |
| २४ | गणेश प्राथमिक विधालय, दमेक | १२००० |
| २५ | कृष्ण प्राथमिक विधालय, दमेक | १२००० |
| २६ | सगरमाथा प्राथमिक विधालय, दमेक | १२००० |
| २७ | ज्ञानज्योति प्राथमिक विधालय, दमेक | १२००० |
| २८ | सरस्वती प्राथमिक विधालय, दमेक | १२००० |
| २९ | जनभावना प्राथमिक विधालय, दमेक | १२००० |
| ३० | दुर्गा प्राथमिक विधालय, दमेक | १२००० |
| | | |

| | | |
|---|---|---|
| ३१ | जनज्योति प्राथमिक विधालय, दमेक | १२००० |
| ३२ | लक्ष्मी प्राथमिक विधालय, दमेक | १२००० |
| ३३ | दिव्यज्योति प्राथमिक विधालय, दमेक | १२००० |
| ३४ | भरतपुरी माध्यमिक विधालय, दमेक | १२००० |
| ३५ | शिवालय आध्यमिक विधालय, दमेक | १२००० |
| ३६ | जनप्रिय माध्यमिक विधालय, दमेक | १२००० |
| ३७ | सुन्तलाचौर माध्यमिक विधालय, दमेक | १२००० |
| ३८ | शारदा प्राथमिक विधालय ( आहाले ), जैदी | १२००० |
| ३९ | जनता प्राथमिक विधालय, जैदी | १२००० |
| ४० | ज्ञानज्योति प्राथमिक विधालय, जैदी | १२००० |
| ४१ | कुईधाङ प्राथमिक विधालय, जैदी | १२००० |
| ४२ | शारदा प्राथमिक विधालय, जैदी | १२००० |
| ४३ | जनता बाल साक्षरता प्राथमिक विधालय, जैदी | १२००० |
| ४४ | सरस्वती आधारभूत विधालय, जैदी | १२००० |
| ४५ | संस्कृत माध्यमिक विधालय, जैदी | १२००० |
| ४६ | भगवती प्राथमिक विधालय, जैदी | १२००० |
| ४७ | सतीढुंगा माध्यमिक विधालय, जैदी | १२००० |
| ४८ | सिद्धिगणेश प्राथमिक विधालय, कुश्मी | १२००० |
| ४९ | जैमिनी प्राथमिक विधालय, कुश्मी | १२००० |
| ५० | जनचेतना प्राथमिक विधालय, कुश्मी | १२००० |
| ५१ | पल्लोपाखा सा.मा.वि.,कुश्मी | १२००० |
| ५२ | कुश्मी प्राथमिक विधालय, कुश्मी | १२००० |
| ५३ | सरस्वती प्राथमिक विधालय, कुश्मी | १२००० |
| ५४ | शान्ति माध्यमिक विधालय, कुश्मीसेरा | १२००० |
| ५५ | जनता माध्यमिक विधालय, पैयुंथन्थाप | १२००० |
| ५६ | मेलमिलाप प्राथमिक विधालय, पैयुंथन्थाप | १२००० |
| ५७ | सिद्ध प्राथमिक विधालय, पैयुंथन्थाप | १२००० |
| ५८ | विजुवा माध्यमिक विधालय, पैयुंथन्थाप | १२००० |
| ५९ | एकता प्राथमिक विधालय, पैयुंथन्थाप | १२००० |
| ६० | जनज्योति प्राथमिक विधालय, पैयुंथन्थाप | १२००० |
| ६१ | जनता प्राथमिक विधालय, पैयुंथन्थाप | १२००० |
| | | |

| | | |
|---|---|---|
| ६२ | रजतजयन्ती प्राथमिक विधालय, पैयुंथन्थाप | १२००० |
| ६३ | गाउँ फर्क आधारभूत विधालय, पैयुंथन्थाप | १२००० |
| ६४ | तारेभिर मौरीभिर प्राथमिक विधालय, पैयुँथन्थाप | १२००० |
| ६५ | शंकर प्राथमिक विधालय, राङखानी | १२००० |
| ६६ | धनचिता प्राथमिक विधालय, राङखानी | १२००० |
| ६७ | राङखानी माध्यमिक विधालय, राङखानी | १२००० |
| ६८ | जनजागृति प्राथमिक विधालय, राङखानी | १२००० |
| ६९ | देउराली प्राथमिक विधालय, राङखानी | १२००० |
| ७० | जनता माध्यमिक विधालय, राङखानी | १२००० |
| ७१ | बालसाक्षरता प्राथमिक विधालय, राङखानी | १२००० |
| ७२ | जनता प्राथमिक विधालय, राङखानी | १२००० |
| ७३ | जनप्रिय प्राथमिक विधालय, राङखानी | १२००० |
| ७४ | सरस्वती प्राथमिक विधालय, सर्कुवा | १२००० |
| ७५ | जनता माध्यमिक विधालय, सर्कुवा | १२००० |
| ७६ | सर्वोदय प्राथमिक विधालय, सर्कुवा | १२००० |
| ७७ | दिव्यज्योति प्राथमिक विधालय, सर्कुवा | १२००० |
| ७८ | जनप्रिय आधारभूत विधालय, सर्कुवा | १२००० |
| ७९ | जनज्योति प्राथमिक विधालय, सर्कुवा | १२००० |
| ८० | जैमिनी संस्कृत आधारभूत विधालय, दमेक | १२००० |
| | जम्मा | ९६०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,६०,००० |

३२ **छात्रवृत्ति :**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/०८१ अनुसार पालिकाले सार्वजनिक विधालयमा अध्ययनरत विधार्थिहरुका लागी छात्रवृत्ति अनुदान IEMIS डाटा अनुसार स्वीकृत दररेट बमोजिम उपलब्ध गराएकोमा बिधालयबाट भरपाई पेश हुँदा निकासा बिधार्थि संख्या भन्दा कम संख्यामा भरपाई प्राप्त भएकोले वितरण नभई विधालयमा बाँकी रहेको रकम सम्वन्धित विधालयबाट असुल गरी संघिय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु

| विधालयको नाम | निकासा विधार्थि संख्या | भरपाई प्राप्त विधार्थि संख्या | नपुग विधार्थि संख्या | दर | वढि रकम |
|---|---|---|---|---|---|
| सरस्वती प्राथमिक विधालय , बिनामारे | २९ | २१ | ८ | ४०० | ३२०० |
| कुश्मी प्राथमिक विधालय | २० | १५ | ५ | ४०० | २००० |
| जनजागृती प्राथमिक विधालय , राङखानी | ४ | ३ | १ | ४०० | ४०० |
| सरस्वती आधारभूत विधालय | ५५ | ४८ | ७ | ४०० | २८०० |
| गाँउफर्क आधारभूत विधालय | ३१ | २६ | ५ | ४०० | २००० |
| तारेभिर मौरीभिर प्राथमिक विधालय | ५ | २ | ३ | ४०० | १२०० |
| कृष्ण प्राथमिक विधालय , जैमिनि | २७ | १९ | ८ | ४०० | ३२०० |
| दुर्गा प्राथमिक विधालय | २१ | १६ | ५ | ४०० | २००० |
| देउराली प्राथमिक विधालय , जैमिनी | २२ | १८ | ४ | ४०० | १६०० |
| जनता प्राथमिक विधालय , जैमिनी | १६ | १३ | ३ | ४०० | १२०० |
| धनचिना प्राथमिक विधालय , चिलाउने खर्क | १० | ८ | २ | ४०० | ८०० |
| मेलमिलाप प्राथमिक विधालय , जैमिनी | १४ | १३ | १ | ४०० | ४०० |
| ज्ञानोदय प्राथमिक विधालय | ३३ | ३० | ३ | ४०० | १२०० |
| जैमिनी प्राथमिक विधालय | ११ | ९ | २ | ४०० | ८०० |
| लक्ष्मी प्राथमिक विधालय | ५ | ३ | २ | ४०० | ८०० |
| शिवालय आधारभूत विधालय , जैमिनि | ५३ | ५२ | १ | ४०० | ४०० |
| विधा मन्दिर आधारभूत विधालय | २२ | २१ | १ | ४०० | ४०० |
| सरस्वती प्राथमिक विधालय | ५ | २ | ३ | ४०० | १२०० |
| वाङलिङ प्राथमिक विधालय, जैमिनि | २८ | २७ | १ | ४०० | ४०० |
| बालविकास आधारभूत विधालय | १२ | ८ | ४ | ४०० | १६०० |
| क्वाङदी प्राथमिक विधालय | ५ | २ | ३ | ४०० | १२०० |
| बिजुवा माध्यमिक विधालय | ६० | ४५ | १५ | ४०० | ६००० |
| सिद्ध प्राथमिक विधालय, जैमिनी | ११ | ९ | २ | ४०० | ८०० |
| भगवती प्राथमिक विधालय, जैदीवोर | १९ | १७ | २ | ४०० | ८०० |
| सतिढुङ्गा माध्यमिक विधालय, जैदी | ७८ | ७४ | ४ | ४०० | १६०० |
| बाल साक्षरता प्राथमिक विधालय | ६ | ५ | १ | ४०० | ४०० |
| जनज्योती प्राथमिक विधालय, सर्कुवा | १६ | १० | ६ | ४०० | २४०० |
| एकता प्राथमिक विधालय, पैंयुथन्थाप | ६ | ५ | १ | ४०० | ४०० |
| संस्कृत माध्यमिक विधालय, बेलबगर | ५६ | ५० | ६ | ४०० | २४०० |
| | | | | जम्मा | ४३६०० |

| असुल गर्नुपर्ने | ४३,६०० |
|---|---|

३३ **विद्यालयको अनुगमन नियमन व्यवस्था :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ ।

३४ **सामुदायिक सिकाई केन्द्र :**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०/८१ क ो क्रियाकलाप नं. २.७.१३.११ को बुँदा नं. ६.७ अनुसार स्थानीय तहले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको स्थलगत निरीक्षण गरेको, वार्षिक साधारण सभा भएको, साधरण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आ.व.को खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको, शैक्षिक सूचना ब्यबस्थापन प्रणाली भरेको केन्द्रहरुलाई एकमुष्ट रु.२,५०,००० रकम अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका सिकाई केन्द्रलाई रु.७,५०,०००।– मापदण्डमा उल्लेख भएको कागजात बेगर नै निकासा दिएको अनियमित भएको रु.

| सि.न. | सिकाई केन्द्रको नाम | निकासा |
|---|---|---|
| १ | प्रभात सामुदायिक सिकाई केन्द्र, सर्कुवा | २५०००० |
| २ | सहिदस्मारक सामुदायिक सिकाई केन्द्र, जैदी | २५०००० |
| ३ | दमेक सामुदायिक सिकाई केन्द्र, दमेक | २५०००० |
| | जम्मा | ७,५०,००० |

| अनियमित भएको | ७,५०,००० |
|---|---|

३५ **स्यानिटरी प्याड :**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १३७८ जना रहेका छन। पालिकाले भौ.नं. २४० बाट ११०२४ थान स्यानिटरी प्याड रु.९,९९,६८३।०० (मु अ कर समेत) मा खरिद गरेको छ। खरिद गरेको मध्ये २२ वटा बिधालयमा ११०२४ थान वितरण गरीएको छ। खरिद गरेको स्यानिटरी प्याड विधालयलाई वितरण गरिएको भएता पनि पालिकाद्धारा विद्यालयमा उक्त प्याडको व्यवस्थापन र वितरण सम्वन्धमा अनुगमन गरी वास्तविक रुपमा विधार्थिहरुवाट प्रयोग भएको सुनिश्चित गर्नुपर्दछ ।

३६ **स्वास्थ्य तर्फका दरवन्दीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि २०७४ मा स्विकृत दरवन्दी भन्दा बाहिर अन्य रुपमा कर्मचीहरु राखि तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानुन विपरित भई असुल उपर हुने व्यवस्था छ । स्विकृत दरबन्दी भन्दा बाहिरका विभिन्न पदका १२ कर्मचारी राखी रु ३३५५२८० खर्च लेखेको अनियमित देखिएको रु

| क्र स | कर्मचारीको नामथर | पद | तलब स्केल | कुल तलब भत्ता |
|---|---|---|---|---|
| १ | गंगा वि क | अ हे ब | २३००० | २९९००० |
| २ | अस्मिता शर्मा | अ हे ब | २०२४० | २६३१२० |
| ३ | राजु शर्मा | अ हे ब | २०२४० | २६३१२० |
| ४ | शुशिला थापा | अ हे ब | २०२४० | २६३१२० |
| ५ | दीपा सापकोटा | अ न मी | २३००० | २९९००० |
| ६ | कुन्ती राना | अ न मी | २०२४० | २६३१२० |
| ७ | दीपा थापा | अ न मी | २०२४० | २६३१२० |
| ८ | रेनु थापा | अ न मी | २०२४० | २६३१२० |
| ९ | मिम बहादुर राना | ल्याब अ | २०२४० | २६३१२० |
| १० | लक्ष्मण महतो | अप्थालमिक अ | ३४७३० | ४५१९९० |
| ११ | तीला थापा | का स | १७८२५ | २३१७२५ |
| १२ | पूर्णमाया पुन | का स | १७८२५ | २३१७२५ |
| | जम्मा | | | ३३५५२८० |

| | |
|---|---|
| अनियमित भएको | ३४,५५,२८० |

३७ **कृषि तथा पशुमा अनुदानः**

प्रदेश तथा स्थानीय तहमा सशर्त वितिय हस्तान्तरित कृषि विकास संचालन कार्यविधि २०८० अनुसार सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जगाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष संचालित प्रमुख कार्यक्रम देहाय अनुसार छन्

| अनुदानको क्षेत्रहरु | विवरण | अनुदान रकम |
|---|---|---|
| कृषि | ३७ वटा कृषि अनुदान कार्यक्रम | ८१,६६,२२४ |
| पशु तर्फ | ७ वटा पशु तर्फका अनुदान कार्यक्रम | १३,९९,७०० |

• अनुदानको सहि सदुपयोग भए नभएको सम्वन्धमा केही अनुदान कार्यक्रममा अनुगमन प्रतिवेदन पेश नभएकोले सम्पुर्ण अनुदानमा कार्यक्रममा अनुगमन गरी पृष्ठपोषण सहितको प्रतिवेदन पेश गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

• कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्ने साथै अनुदानग्राहीको विवरण सार्वजनिक गरी पारदर्शिता कायम गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३८ **मिनिटिलर खरिदः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली २०६४ नियम ८ वमोजिम १० लाख भन्दा वढीको खरिद गर्नुपरेमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आ. व. २०८०।८१ मा मिनिटिलर खरिद गर्दा मिति २०८१।१।२५ मा खरिद ईकाईको समितिको बैठक वसि

पालिकाको मौजुदा सुचिमा सुचिकृत भएको मुक्तिनाथ कृषि कम्पनि प्रा. लि. बाट क्याटलक विधिबाट रु. ४२५०० का दरले २९ मिनिटिलर र ८ वटा कम्वाईन मिल रु. ३६५०० का दरले खरिद गरि किसानलाई वितरण गरिएको छ । पालिकाले समयमै क्याटलक विधि वाट एकमुष्ट खरिद गर्ने निर्णय नगरी भौ नं ३१२।२०८१।१।२४ वाट किसानलाई छुट्टाछुट्टै मिनिटिलर खरिद बापत भुक्तानि गर्दा क्याटलक विधिको दर भन्दा निम्नानुसार वढी मुल्य पर्न गएको देखिन्छ । पालिकाले यसरी अनुदानका कार्यक्रममा प्रविधि खरिद गर्दा एकमुष्ट खरिद गरि वितरण गर्नु पर्दछ।

| **भौ नं र मिति** | **विवरण** | **फर्म** | **दर** | **क्याटलक दर** | **वढि पर्न गएको रकम** |
|---|---|---|---|---|---|
| ३१२।२०८१।१।२४ | ३ मिनिटिलर | मल्टी ईलेक्टिक्स एण्ड टुल्स सप्लायर्स | ४८००० | ४२५०० | १६५०० |
| ३१२।२०८१।१।२४ | ४ थान कम्वाईन मिल | मल्टी ईलेक्टिक्स एण्ड टुल्स सप्लायर्स | ४८००० | ३६५०० | ४६००० |
| जम्मा | | | | | ६२५०० |

३९ **पालिकाको प्रशासकिय भवन ( संघिय ससर्त ) :**

३९.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम खरिद ऐनको दफा ५६ बमोजिमको अवस्था अर्थात कावु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएको वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउनु परेमा संशोधित कार्यतालिका सहित अवधि थपको निवेदन निर्माण व्यवसायीले दिनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले दिएको निवेदनमा उपरोक्त व्यहोराहरु खुलेको देखिंदैन । नियम १२०(३) बमोजिम उपरोक्त आधारहरु नभएमा निर्धारित क्षतिपूर्तिको अवस्था आकर्षित हुने हुनाले म्याद थप गर्ने अधिकारीले उचित ध्यान दिनुपर्ने हुन्छ । पालिकाको प्रशासकिय भवन निर्माण कार्यका लागि प्राकृतिक रविना जुगल जे भीसँग मिति २०७८।११।१० मा सम्झौता भएकोमा सो निर्माण कार्यको अवधि २०८१ पुष ७ सम्म रहेको छ ।उक्त निर्माण कार्यको सम्झौता रकम ८ करोड १७ लाख रहेकोमा हालसम्म रु २ करोड ९२ लाख भएकोमा हालसम्मको भौत्तिक प्रगति ५५ प्रतिशत रहेको छ ।उक्त प्रशासनिक भवनको निर्माण कार्यको अवधि लेखापरीक्षणको समयमा अर्थात २०८१।९।८ सम्ममा म्याद समाप्त भएकोमा पालिकाले म्यादथपको प्रकृया अघी बढाएको देखिएन । अत: पालिकाले निर्माण कार्य सम्पन्न गर्न कानुन बमोजिम पहल गर्नुपर्दछ ।

३९.२ सो निर्माण कार्यको म्याद लेखापरीक्षणको अवधि अर्थात २०८१।०९।८ मा समाप्त भएकोमा पेश्की रु ७१ लाख बाँकि रहेको र उक्त पेश्की जमानत कुमारी बैंक लिमिटेडको २०८१।१२।९ सम्म अवधिको रहेको छ ।लेखापरीक्षणको समयमा उक्त भवन निर्माणको म्याद सकिएको र पेश्की हालसम्म बाँकी रहेको देखिएकोले यथाशिघ्र पेश्की फर्छयौट गर्न वा जमानत बाट असुल गर्नेतर्फ पालिकाले प्रकृया अघिबढाउनुपर्ने देखिएको छ ।

३९.३ सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था अनुसार निर्माण कार्यको जमानतको म्याद कम्तीमा म्याद समाप्त हुने अवधिभन्दा कम्तीमा १३ महिना बढि अवधिको हुनुपर्ने प्रावधान रहेकोमा NCC बैंकबाट जारी भएको पर्फर्मेन्स बैंक ग्यारेन्टीको म्याद २०८२ श्रावण ३१ सम्मको रहेको छ । यस निर्माण कार्यको म्याद २०८१ पौष मसान्त सम्म रहेको छ । नियमावलीमा भएको प्रावधानभन्दा ६ महिना घटि अवधिको रहेकोले सोको म्याद थप गरी पेश गर्नुपर्दछ । रु १४३०००००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४३,००,००० |

३९.४ यस निर्माण कार्यको सम्झौता अंक ८ करोड १७ लाख रहेकोमा हासम्म रु २ करोड ९२ लाख भुक्तानी भएको छ । संघिय सर्सतको बजेटबाट यस योजना सम्पन्न हुनुपर्नेमा पालिकाले समानिकरण बजेटबाट रु ७९ लाख ८१ हजार र पालिकाको समानिकरण तथा

आन्तरिक श्रोतबाट बाँकी रु २ करोड १२ लाख २१ हजार खर्च भएको छ । संघीय शसर्तबाट खर्च गर्नुपर्नेमा पालिकाले समानिकरण तथा आन्तरिक श्रोतबाट खर्च भएको देखिएकोले उक्त खर्च कानुन सम्मत नदेखिएको रु २१२२१४३७

| | |
|---|---|
| अनियमित भएको | २,१२,२१,४३७.२१ |

## ४० ढुवानीको प्रमाण :

४०.१ ढुवानीको प्रमाण (बिसौना सिवरिङ्ग गोरेटो बाटो तथा तारजाली उपभोक्ता समिति ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको सुनिश्चित भएको यकिन गरी खर्च गर्नुपर्ने उल्लेख छ ।यस पालिकाले पालिकातर्फको भौ नं १४३ मिति २०८०।१०।१० बाट रु १४४००० लेखी बिसौना सिवरिङ्ग गोरेटो बाटो तथा तारजाली उपभोक्ता समितिलाई निम्नानुसारको कामका लागि निम्नानुसारको ढुवानी रकम उपलब्ध गराएकोमा ढुवानीको प्रमाण संलग्न नरहेकोले सो संलग्न गर्नुपर्दछ । रु १२५९१

| सि नं | काम | कार्यसम्पन्न परिमाण (घ मि) | ढुवानी दर | जम्मा ढुवानी |
|---|---|---|---|---|
| १ | GI wire | 115.5 | 900 | 5086 |
| २ | Angle pole | 364.6 kg | 6 per kg | 2189 |
| ३ | Pcc 1:4 (cement) | 1.04 | 300 | 1997 |
| ४ | Labour द्वारा ढुङ्गा ढुवानि Stone masonry work | 2.60 | 1279 | 3319 |
| | **Total** | | | **12591** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,५९१ |

४०.२ ढुवानीको प्रमाण (बोहोजा सपाउदे वाल विकास प्रा वि पैदल मार्ग निर्माण ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको सुनिश्चित भएको यकित गरी खर्च गर्नुपर्ने उल्लेख छ ।पालिकाले भौ नं १४२ मिति २०८०।१०।९ बाट रु १८७९८४ खर्च लेखी बोहोजा सपाउदे वाल विकास प्रा वि पैदल मार्ग निर्माण कार्यकालागि सिमेन्ट ढुवानी वापत दरविश्लेषण अनुसार प्रति बोरा २९३ ले ६० बोराको ढुवानी रु १७५०० राखी उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी भएकोमा सो ढुवानी गरेको प्रमाण संलग्न नगरेकोले सो को प्रमाण पेश गर्नुपर्दछ । रु १७५००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,५०० |

## ४१ हेभी इक्विपमेण्टको प्रयोगः

हेभी इक्विपमेण्टको प्रयोगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये अधिकांश कार्य मोटर बाटो निर्माण गर्ने, स्तरोन्नती गर्ने, रिटेनिगं वाल लगाउने, खानेपानी टंकी निर्माण गर्ने, सिंचाइ योजना निर्माण, भवनहरु निर्माण आदि कार्यसंग सम्वन्धित रहेका छन् । प्राय सबैजसो कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखिएको छ ।नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| भौ न ।मिति | उ स | काम | रकम | कैफियत |
|---|---|---|---|---|
| २४, २०८०।७। १७ | चौडिला थुम्का सहरबाटो मोटरबाटो निर्माण उ स | मोटरबाटो निर्माण | १००००० | मेशिन प्रयोग गरी कार्य |
| ४३ , २०८०।८। १३ | डेभरेरुम्टा ज्यामिरेवन हुँदै वडा कार्यालय सडक निर्माण उ स | | ३३३००० | मेशिन प्रयोग गरी कार्य |
| ५४ ९।११ | दुर्लेवेसी अमरपुरी सुन्तलाचौर शिवमन्दिर सडक | सडक स्तरोन्नति | ९६०००० | मेशिन प्रयोग |
| ५५ ९।१२ | कुस्मसेरा उपल्लो बजरा देखि कान्ले फेदी सडक निर्माण उस | सडक निर्माण | ३२०००० | मेशिन प्रयोग |
| ५८ ९।१६ | घिउर ठूल्पाटा देखि चौरसम्मको मोटरबाटो निर्माण उ स | नयाँ ट्र्याक खन्ने कार्य २७० मि | १३९९७६ | मेशिन प्रयोग |
| ६० ९।१६ | मुलावारी वतासे गल्छिना थुम मोटरबाटो निर्माण उ स | नयाँ ट्र्याक खन्ने कार्य ६२० मि | २८८००० | मेशिन प्रयोगगरी रु ३२१५०० को कार्य गरी वहाल कर भुक्तानी गरेकोमा विजक नरहेको सम्झौता गरेको |
| ६७ ९।१६ | लामखोरिया परिडाँडा सिरानथर ढुङ्गेपानी मौरिभिर सडक उ स | नयाँ ट्र्याक खन्ने | १४४००० | मेशिन प्रयोग गरी कार्य |
| | | जम्मा | २२८४९७६ | |

| | |
|---|---|
| अनियमित भएको | २२,८४,९७६ |

४२ **उपभोक्ता समितिलाई प्रमाण अनुसार नभई दरविश्लेषण अनुसारको ढुवानी भाडा :**

४२.१ जुम्लिखोला देखि किसेक तल्लोकुलो सिँचाई उ स

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको सुनिश्चित भएको यकित गरी खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले भौ नं १३४ मिति २०८०।१०।०७ बाट रु ९०३९० भुक्तानी गरेकोमा दर विश्लेषण अनुसार राखेको ढुवानी र प्राप्त प्रमाण ताथ कागजात र उपभोक्ताले खर्च सार्वजनिकिकरण फारममा उल्लेख गरेको ढुवानी भन्दा बढी भुक्तानी भएको छ ।दरविश्लेषण अनुसार राखिएको ढूवानी रकम रु ५७६१ रहेको मा खर्च सार्वजनिकिकरण तथा प्रमाण अनुसार रु ४३०० रहेकोले दर विश्लेण अनुसारकै भुक्तानी हुँदा रु १४६१ बढी भुक्तानी भएको पाइएकोले उक्त रकम असुल हुनुपर्दछ । रु १४६१

| सि नं | काम | कार्यसम्पन्न परिमाण (घ मि) | ढुवानी दर | जम्मा ढुवानी |
|---|---|---|---|---|
| 1 | Pcc 1:2:4 | 3.69 | 1344 | 4959 |
| 2 | Tor steel bat for bending and placing in required position | 200.46 kg | 4 | 802 |
| | Total | | | 5761 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४६१ |

४२.२ गुर्हेंखोला गैराको कुलो मर्मत योजना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको सुनिश्चित भएको यकित गरी खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले भौ नं १५० मिति २०८०।१०।११ बाट रु १८९७४४ भुक्तानी गरेकोमा दर विश्लेषण अनुसार राखेको ढुवानी र प्राप्त प्रमाण ताथ कागजात र उपभोक्ताले खर्च सार्वजनिकिकरण फारममा उल्लेख गरेको ढुवानी भन्दा बढी भुक्तानी भएको छ ।दरविश्लेषण अनुसार राखिएको ढूवानी रकम रु २३५०२ रहेको मा खर्च सार्वजनिकिकरण तथा प्रमाण अनुसार रु १५००० रहेकोले दर विश्लेण अनुसारकै भुक्तानी हुँदा रु ८५०२ बढी भुक्तानी भएको पाइएकोले उक्त रकम असुल हुनुपर्दछ । रु ८५०२

| सि नं | काम | कार्यसम्पन्न परिमाण (घ मि) | ढुवानी दर | जम्मा ढुवानी |
|---|---|---|---|---|
| 1 | Pcc 1:2:4 | 12.04 | 1952 | 23502 |
| | Total | | | 23502 |

| असुल गर्नुपर्ने | ८,५०२ |
|---|---|

४२.३ मुलावारी पोखरी तथा चौतारी मर्मत उ स

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको सुनिश्चित भएको यकित गरी खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले भौ नं १३१ मिति २०८०।१०।५ बाट रु १२०००० भुक्तानी गरेकोमा दर विश्लेषण अनुसार राखेको ढुवानी र प्राप्त प्रमाण ताथ कागजात र उपभोक्ताले खर्च सार्वजनिकिकरण फारममा उल्लेख गरेको ढुवानी भन्दा बढी भुक्तानी भएको छ ।दरविश्लेषण अनुसार राखिएको ढूवानी रकम रु ८०१३ रहेको मा खर्च सार्वजनिकिकरण तथा प्रमाण अनुसार रु ३००० रहेकोले दर विश्लेण अनुसारकै भुक्तानी हुँदा रु ५०१३ बढी भुक्तानी भएको पाइएकोले उक्त रकम असुल हुनुपर्दछ । रु ५०१३

| सि नं | काम | कार्यसम्पन्न परिमाण (घ मि) | ढुवानी दर | जम्मा ढुवानी |
|---|---|---|---|---|
| १ | १;६ स्टोन मेशनरी | 9.24 | 460 | 4250 |
| २ | 20 mm (1:4) plasterr | 26.54 | 40.5 | 1075 |
| ३ | Pcc 1:2:4 | 1.68 | 1600 | 2688 |
| | जम्मा | | | 8013 |

| असुल गर्नुपर्ने | ५,०१३ |
|---|---|

४३ **भिएसओ नेपालसँगको सहकार्यमा सामुदायिक विद्यालयहरुमा ठुल्दीदीहरुको परिचालन कार्यक्रम :**

भिएसओ नेपालसँगको मिति २०७८।६।७ गते भएको समझदारी अनुसार ५ वर्ष देखि १२ वर्ष उमेर समूहको वालबालिकाहरुको पठनपाठन तथा गणितिय सिपमा सुधार गरी उनीहरुको औपचारिक शिक्षालाई निरन्तरता गर्ने उद्देश्य रहेको भनी समझदारीपत्रमा उल्लेख गरेको छ । हेम्पल फाउन्डेसन र भिएसओ नेपालको आर्थिक तथा प्राविधिक सहयोग र जैमिनि नगरपालिकाको समन्वय र सहकार्य हुने समझदारि पत्रमा उल्लेख छ ।सो कार्यक्रममा भिएसओ नेपालले ४७ वटा विद्यालयमा उक्त कार्यक्रम सञ्चालन गरी खर्च गर्दैआएकोमा पालिकाले ३३ वटा विद्यालयमा काम गरेकोमा भौ नं १८७ मिति २०८०।१०।२४ बाट रु २४७५०० र भौ नं ५७८ मिति २०८१।३। ११ बाट रु २९७००० गरी कुल रु ५४४५०० खर्च लेखेको छ । पालिकाले मासिक १५०० दरले ३३ जना स्वंसेवक ठूल्दीदीहरुलाई १२ महिनाको प्रोत्साहन रकम भुक्तानी गरेकोमा सो खर्च गर्न मिल्नेगरी भिएसओ नेपालसँग सम्झौता गरेको पाइएन। समझदारिपत्रमा उल्लेख भए अनुसार पालिकाले समन्वय र सहकार्य गर्ने गरी समझदारि गरेको र आर्थिक तथा प्राविधिक सहयोग भिएसओ नेपालकै रहने

स्पष्ट उल्लेख गरेकोमा खर्च गर्न मिल्ने आधार रहेको छैन।अत: सम्झौतामा उल्लेख नभएको यस किसिमको खर्च VSO नेपालबाट पालिकाले शोधभर्ना लिनुपर्ने देखिएको रु ५४४४००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,४४,४०० |

४४ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकबाट रु. ४३ लाख ९३ हजार खर्च गरेको छ । खर्च लेख्दा अधिकांशमा खर्चको पुष्ट्याई बेगर केवल बिल भरपाई तथा माईन्युटको आधारमा मात्रै खर्च लेखेको छ। खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने गरी विविध खर्च गर्नुपर्दछ ।

| **विविध खर्चको विवरण** | **खर्च रकम** |
|---|---|
| अतिथि सत्कार | ५,७०,३४० |
| कर्मचारी तथा जनप्रतिनिधि परिचयपत्र छपाई तथा अन्य मसलन्द | ४,५०,४०८ |
| स्वास्थ्य संस्थाहरुलाई पानि लगायतका अन्य खर्च | २,२०,७८० |
| पर्व मेला महोत्सव | ६,३०,१०९ |
| वडा कार्यालय विविध खर्च | ७,५०,००० |
| समाजिक सुरक्षा भत्ता वितरण गर्दा चिया, खाना तथा खाजा खर्च | ३,२०,९०५ |
| सभा सम्मेलन तथा कार्यपालिका बैठकमा चिया, खाना तथा खाजा खर्च | १४,५१,०३४ |
| जम्मा | ४३,९३,५७६ |

४५ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहको २०८०।८१ को आन्तरिक लेखापरीक्षणवाट देखिएको वेरुजुलाइ हालसम्म पालिकाले फछर्यौट गरेको छैन । अतः उक्त वेरुजु रकम प्रकृति अनुसार फछर्यौट गरि प्रमाण पेश गर्नुपर्ने रु

| भौ नं र मिति | व्यहोरा | रकम |
|---|---|---|
| १८४। २०८०। ७।२४ | बैठकभत्ताभुक्तानीदिदाप्रदेशखर्चमापदण्ड२०७९कोपरिच्छेद२कोदफा३खण्ड (ङ) अनुसारवढिमा३जनाआमन्त्रित सदस्यरहनेव्यवस्थारहेकोमानियम विपरित५जनासम्मआमन्त्रितसदस्यराखीभुक्तानिदिएकोरकम अनियमित देखिएको रु | ९८००० |
| ४२१। २०८१। ७ | वडागत भैपरी योजना जैनपा ३ मा वाटर डिस्पेन्सर १० सेट ऐना ४२ वटा कार्पेट २२।५ वर्ग मिटर डस्विन निगालोको १५ वटा खरिद गरेको उक्त सामानको लागत इन्टिमेट तयार नगरि वडा समितिको निर्णय अनुसार खरिद गरेकोले खरिद ऐन र नियमावली अनुसार खरिद नगरेको अनियमित देखिएको रु | २००००० |
| ३८९। २०८०। १२।२८ | कालिगण्डकी कोरिडोर देखी चोखेक वडा नं ६ को सिमाना सम्म सडक स्तर उन्नतीमा गिटि बालुवा र मिक्चरको ढुवानी वापत रु ४९००० दिपेन्द्र थापालाई भुक्तानी गरेको समितिका अध्यक्ष विसान थापावाट भुक्तानी लिएको ट्याक्टरको संझौता विल बुक र लाइन्सेन्स नराखि भुक्तानी दिएकोले आबश्यक प्रमाण पेश हुनुपर्ने रु | ४९००० |
| ५१०। २०८१। ३।२३ | नमुना मकै विउ तथा तरकारी उत्पादन समुह जैनपा १० पाही मिनिटेलर खरिद ४२५०० र साना सिचाँई पाइप खरिद ७२००० गरि १५७००० समुहले खरिद गरेको सोको भुक्तानी गर्दा खरिद आदेश र दाखिला प्रतिवेदन विना नै भुक्तानी गरेको आवश्यक प्रमाण पेश हुनुपर्ने रु | १५७००० |
| २०। २०८१। १।२५ | झोलुङ्गे पुल इस्टिल पार्ट भुक्तानी गर्दा खरिद आदेश र दाखिला प्रतिवेदन नराखि जुनकिरि इण्डष्ट्रिज प्रालिलाई भुक्तानि दिएकोले प्रमाण पेश हुनुपर्ने रु | २२६६९७ |
| | प्रमाण पेश नगरेको | ७,३०,६९७ |

४६ **विद्यालयको विविध खर्चको भुक्तानी :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ ।त्यस्तै गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । यस पालिकाले निम्न विद्यालयहरुको खातामा निम्न भौचरबाट रकम भुक्तानी गरेकोमा उक्त खर्चको प्रमाण तथा कागजातको परीक्षण गर्दा अभिभावक भेलामा खाजा तथा चियामा खर्चभएको रकम भुक्तानी गरेको पाइएको छ । पालिकाले कार्यविधि तथा कुन प्रयोजनको लागि विद्यालयलाई रकम उपलब्ध गराउने हो सो को स्पष्ट खाका तयार गरेको देखिएन ।पालिकाको आन्तरिक श्रोत न्यून रहेको अवस्थामा यस किसिमको खर्च गर्नु औचित्यपूर्ण रहेको पाइँदैन । अत: यस किसिमको खर्चमा नियन्त्रण हुनुपर्दछ ।

| भौ न । मिति | विद्यालय | प्रयोजन | रकम |
|---|---|---|---|
| १०३ ९।२४ | ज्ञानोदय प्रा वि अभिभावक शिक्षा कार्यक्रम | प्रा विको खातामा रकम भुक्तानी भएकोमा विभिन्न मितिमा अभिभावक भेला गरी खाजा चियाको विजकको रकम भुक्तानी गरेको पाइएको छ | ५०००० |
| १०४ ९।२४ | श्री गण्डकि प्रा वि | प्रा विको खातामा रकम भुक्तानी भएकोमा विभिन्न मितिमा अभिभावक भेला गरी खाजा चियाको विजकको रकम भुक्तानी गरेको पाइएको छ | ५०००० |
| १०५ ९।२४ | श्री दलित उत्थान प्रा वि | प्रा विको खातामा रकम भुक्तानी भएकोमा विभिन्न मितिमा अभिभावक भेला गरी खाजा चियाको विजकको रकम भुक्तानी गरेको पाइएको छ | ५०००० |
| १०६ ९।२४ | श्री सरस्वति प्रा वि | प्रा विको खातामा रकम भुक्तानी भएकोमा विभिन्न मितिमा अभिभावक भेला गरी खाजा चियाको विजकको रकम भुक्तानी गरेको पाइएको छ | ५०००० |
| | | जम्मा | २००००० |

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

४७ **बुझेको भरपाई नभएको :**

गण्डकि प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ८३ अनुसार जीन्सी वा मालसामान जुनसुकै तिरकाबाट प्राप्त भएपनि प्राप्त भएको सातदिन भित्र आम्दानी बाँधिसक्नुपर्ने व्यवस्था रहेको छ । खर्च भएर नजाने मालसामानको म ले प फारम नं ४०८ को ढाँचामा अभिलेख राखी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।यस पालिकाले भौ नं २५१ मिति २०८०।११।१६ मा रु ३५०००० को वडाको प्राथमिक विद्यालयमा ल्यापटप कम्प्युटर व्यवस्थापन कार्यका लागि प्रोफेशनल कम्प्युटर ईन्स्टिच्युट प्रा लि बाट निम्नानुसारको सामाग्री खरिद गरेकोमा उक्त सामान बुझेको भरपाई तथा विद्यालयको जिन्सी दाखिला गरेको प्रमाण नरहेकोले सो पेश गर्नुपर्दछ । रु ३५००००

| सामानको विवरण | परिमाण | दर | रकम (भ्याट सहित ) |
|---|---|---|---|
| Dell version i5 laptop computer 2GB RAM/256 GB SSD.15.6 Led Disc | ५ | ६१५४७.१० | ३५०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५०,००० |

४८ **पूँजीगत बजेटमा चालु तथा उपभोग खर्च :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वियन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख रहेको छ । नियमावली, २०७७ को नियम ३९ उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ ।पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने, कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसार पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने र उपभोग प्रकृतिका खर्चलाई पूँजीगत शीर्षकबाट खर्च गरी भुक्तानी दिएको पाईयो । यसप्रकार गरेको खर्च रकमलाइ कानुनसम्मत भन्न मिल्ने नदेखिएको रु ३८८८३८०

| सि नं | कार्यक्रम | बजेट | खर्च |
|---|---|---|---|
| १ | शान्तिद्विप बहुमुखी क्याम्पसका उत्कृष्ट दलित र अल्पसंख्यक विद्यार्थीका लागि छात्रबृत्ति कार्यक्रम | १०००००० | ८४०००० |
| २ | प्राविधिक धारतर्फका विद्यार्थीका लागि छात्रबृत्ति | ६४०००० | ४६०००० |
| ३ | आदिवासी जनजाति सशक्तिकरण कार्यक्रम | १००००० | ९८००० |
| ४ | लैङ्गिक उत्तरदायि बजेट परीक्षण | १००००० | १००००० |
| ५ | एचआईभी पोजेटीब सहयोग | ५०००० | ५०००० |
| ६ | राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन | ९००००० | ८९८००० |
| ७ | पूर्ण सरसफाई तर्फ उन्मुख वडा हुँदै नगर घोषणा | १२०००० | १०७२६० |
| ८ | तेस्रो जैमिनि महोत्सब कुश्मिसेरा सहारा क्लब | १५०००० | १४४००० |
| ९ | **VSO** नेपालसँगको सहकार्यमा ठूल्दीदिहरुलाई प्रोत्साहन सहयोग | ५९४००० | ५४४५०० |
| १० | जैमिनि संस्कृति गान | ५००००० | ५४८०० |
| ११ | सामुदायिक वन उपभोक्ताहरुसँगको सहकार्य | ५०००० | ४४५०० |
| १२ | सार्वजनिक सुनुवाई कार्यक्रम | २५०००० | २४७५०० |
| १३ | मिडियासँग जैमिनि कार्यक्रम | २००००० | १४०००० |
| १४ | एकिकृत घुम्ति सिविर सञ्चालन कार्यक्रम | ४००००० | १५९८२० |
| | | ५०५४००० | ३८८८३८० |

| | |
|---|---|
| अनियमित भएको | ३८,८८,३८० |

४९ **भ्रमण अभिलेख पुस्तिका तयार नगरेको:**

भ्रमण अभिलेख प्रयोजनका लागि मलेप फारम नं ९०८ भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खातामा तोकिएबमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खातामा भ्रमण आदेश नं, भ्रमण गर्ने कर्मचारीको नाम र पद, भ्रमणमा खटिएको स्थान, भ्रमणमा खटिएको मिति,भ्रमण प्रतिवेदनको संक्षिप्त व्यहोरा आदि खुल्ने गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले भ्रमण अभिलेख पुस्तिका तयार नगरिकन विभिन्न कार्यक्रमहरुमा भ्रमण खर्च लेखेको देखियो । पालिकाले मलेप फारम नं ९०८ भ्रमण अभिलेख खातामा तोकिएबमोजिम भ्रमण आदेश जारी गरेको मितिअनुसार सिलसिलेवार रुपमा भ्रमण अभिलेख राख्नुपर्दछ ।

५० **बैदेशिक रोजगार सम्बन्धि पार्श्वचित्र छपाई :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । पालिकाले बैदेशिक रोजगार सम्बन्धि पार्श्वचित्र छपाई गरी भौ नं ६०९ मिति २०८१।३।२० बाट धौलागिरी अफसेट प्रेसलाई रु ५००५९ भुक्तानी गरेको छ । उक्त पार्श्वचित्र १०० परिमाण छपाई गरेकोमा हालसम्म उक्त पुस्तिका स्टक रहेको पाइएको छ । अत: उक्त पुस्तिका वितरण को भरपाई पेश गर्नुपर्दछ । रु ५००५९

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,०५९ |

५१ **एक घर एक डस्टविन वितरण कार्यक्रम :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । पालिकाको भौ नं ५७१ मिति २०८१।३।७ बाट रु २९७००० खरेच गरी सृष्टि फर्निचर उद्योग बाट २७० पिस डस्टविन खरिद गरी भुक्तानी गरेकोमा वडा नं ९ ले उक्त कार्यक्रम सञ्चालन गरेकोमा उक्त डस्टविन बुझेको भरपाई नरहेकोले सो पेश हुनुपर्दछ । रु २९७०००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९७,००० |

५२ **प्राविधिक धार तर्फका विद्यार्थीका लागि छात्रवृत्ति कार्यक्रम :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको सुनिश्चित भएको यकित गरी खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले कक्षा ९ देखि १२ सम्ममको कम्प्युटर ईन्जनियरिङ विषय अध्यया गर्ने विद्यार्थीका लि प्रोत्साहन स्वरुप प्रति विद्यार्थी रु २०००० दरले २३ विद्यार्थीको लागि श्री शान्ति मा विको खातामा भौ नं ५८७ मिति २०८१।३।१६ मा रु ४६०००० भुक्तानी गरेको छ ।विगत वर्ष देखिनै छात्रवृत्ति अनुदान निकासा दिने गरेको र विभिन्न समयमा अनुगमन समेत गरेको साथै विद्यालयले आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गराउन बाँकि रहेको कार्यालयको भनाई रहेकोमा आर्थिक वर्ष २०७९/८० को विद्यालयको लेखापरीक्षण प्रतिवेदन परीक्षण गर्दा विद्यालयले प्राविधिक छात्रवृति वापत पालिकाबाट भुक्तानी पाएको अनुदान रकम छुट्टै देखिनेगरी अभिलेखाङ्कन गरेको देखिएन । प्राविधिक धारका विद्यार्थिहरुको लागि दिएको अनुदान रकम विद्यालयको वित्तिय प्रतिवेदनमा स्पष्ट देखिने गरी अभिलेखाङ्कन गर्ने तथा छात्रवृत्ति रकम सम्बन्धित विद्यार्थिले पाए नपाएको सम्बन्धमा पालिकाले अनुगमनगरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

५३ **वडाको हातेपुस्तिका छपाई :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ ।पालिकाको वडा नं १ ले भौ नं ६०३ मिति २०८१।३।१८ बाट रु १००००० खर्च गरी वडाको समग्र विकासको अवस्था विषयमा शब्दचित्र आगामी योजना विषयमा शब्दचित्र सहितको हातेपुस्तिका छपाई तथा प्रकाशन गरी खर्च लेखेकोमा ५०० प्रति पुस्तिका छपाई गरेकोमा उक्त पुस्तिका के कति वितरण गरी स्टकमा के कति बाँकी रहेको छ सो को भरपाई पेश नभएकोले सो पेश हुनुपर्दछ । रु १०००००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

५४ **अनुगमन भत्ता**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०७८ को दफा ८(५) मा सरकारी कामको सिलसिलामा अनुगमन तथा भ्रमण जादा कामसंग सम्बन्धित तीनजना भन्दा बढी व्यक्ति जान पाइने छैन र अनुगमन भ्रमणबाट फर्केपछि अनुगमन प्रतिवेदन पेश गरेमा मात्र अनुगमन खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न कार्यक्रममा अनुगमन गरेको भनि एउटै कार्यक्रममा तीन जना भन्दा बढी व्यक्तिहरुलाई अनुगमन भत्ता भुक्तानी गरी खर्च लेखेको देखियो । पालिकाले खर्च मितव्ययिता मापदण्ड अनुसार कामसंग सम्बन्धित बढीमा ३ जनालाई अनुगमन भत्ता भुक्तानी गर्नुपर्दछ ।

५५ **कार्यालय समयमा बैठक बसि भत्ता भुक्तानी :**

गण्डकी प्रदेश खर्चको मापदण्ड २०८० को परिच्छेद २ मा बैठक भत्ता प्रदान गर्ने आधार र मापदण्ड सम्वन्धि ब्यवस्था रहेको छ । जस अनुसार सार्वजनिक विदाको दिन वा कार्यालय समय भन्दा अधि वा पछि बसेको बैठकमा मात्र बैठक भत्ता पाईने ब्यबस्था रहेकोमा पालिकाको मिति २०८०।७।१९ गते दिन उल्लेखित समयमा पालिकामा सब इन्जिनियर , नगरबालमैत्री सहजकर्ता र वडा बालमैत्री सहजकर्ता छनौट तथा पदपूर्तीका लागि बैठक बसि बैठक भत्ता भुक्तानी भएकोले कार्यालय समयमा बसेको बैठकको बैठक भत्ता असुल गर्नुपर्ने रु

| कर्मचारीको नाम | पद | भत्ता रकम | कर कट्टी पछीको भुक्तानी भएको रकम | कैफियत |
|---|---|---|---|---|
| हरि बहादुर भुजेल | प्रमुख प्रशासकीय अधिकृत | ३००० | २५५० | मिति २०८०।७।१९ गतेका दिन १०.४० बजे , १.४० बजे , १ बजे , २.४५ बजे , ३.१५ बजे को बैठक भत्ता। |
| खेम प्रसाद आचार्य | उप सचिव | ११००० | ९३५० | |
| सूर्य बहादुर वि.क. | लेखा अधिकृत | ११००० | ९३५० | |
| मिरा देवी शर्मा | शिक्षा अधिकृत | ११००० | ९३५० | |
| विवेक सापकोटा | इन्जिनियर | ६००० | ५१०० | |
| विवेक थापा मगर | सूचना प्रविधि अधिकृत | ११००० | ९३५० | |
| तारा प्रसाद पौडेल | एम आइ एस अपरेटर | १०००० | ८५०० | |
| पृथ्वी बहादुर थापा | सहायक चौथो | ५००० | ४२५० | |
| | | जम्मा | ५७,८०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,८०० |

५६ **अन्य निकायका पदाधिकारीलाई भ्रमण भत्ता :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली , २०७९ को नियम ३६ मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था उल्लेख छ । पालिकाले देहायबमोजिमका कर्मचारीलाई भ्रमण भत्ता रु.९७,७०० भुक्तानी गरेको पाईएको छ । यसरी पालिका भन्दा अन्य निकायका पदाधिकारीहरुलाई भ्रमण भत्ता भुक्तानी गरेको अनियमित देखिएको रु.

| भौ.नं र मिति | कार्यालय | कर्मचारी संख्या | भुक्तानी |
|---|---|---|---|
| ९२१।०८१-३-२० | यातायात कार्यालय बागलुङ्ग | ४ | १७५५० |
| ७८८।०८१-२-२७ | जिल्ला समन्वय समिति बागलुङ्ग | ५ | २५३५० |
| ६२४।०८१-१-२० | नापी कार्यालय बागलुङ्ग | ३ | २१८०० |
| ७००।०८१-२-६ | जिल्ला अदालत बागलुङ्ग | ५ | ३३००० |
| | | जम्मा | ९७,७०० |

| | |
|---|---|
| अनियमित भएको | ९७,७०० |

## ५७ ईन्धन :

स्थानिय तहका पदाधिकारी सेवा सुविधा सम्बन्धि ऐन २०७५ को अनुसुची १ मा पालिका प्रमुखले मासिक ९० लिटर ईन्धन सुविधा पाउने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष ईन्धन खर्चमा कूल विनियोजन रु.४०,००,००० भएकोमा पदाधिकारी ईन्धन चार पाङग्रे रु.६,२३,३२८।०० , पदाधिकारी ईन्धन दुई पाङग्रे ( वडाध्यक्ष ) रु.२,६७,३००।००, नगरको जे.सि.वि. रु.१४,६१,२२७।०० र कार्यालय प्रयोजन ( दुई पाङग्रे / चार पाङग्रे ) रु.१६,३९,१४५।०० खर्च भएको देखिन्छ ।

## ५८ संगठन तथा कर्मचारी ब्यबस्थापन :

स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ , राजश्व क्षमता , खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखि कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा ब्यबस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने ब्यबस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित संघिय सरकारवाट स्विकृत तथा पालिकाबाट स्विकृत प्राविधिक , स्वास्थ्य चौकी तर्फ , कृषि तथा पशु तर्फ समेत गरी जम्मा ११९ दरबन्दी रहेका छन भने मिति ०८१।३।३० सम्म ८९ जना दरबन्दी स्थायी पदपूर्ति भई ३० पद रिक्त रहेको देखिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य ब्यबस्थापनका दृष्टिकोणले महत्त्वपूर्ण मानिएका ईन्जिनियर , प्रशासकीय अधिकृत , आलेप अधिकृत सहितका पदहरु रिक्त रहेका छन । नगरपालिका तथा १० वटै वडाका लागि विशेष गरी स्वास्थ्य तर्फ र गापा करार समेत गरी जम्मा ७० जना करारका कर्मचारीहरु रहेको देखिएको छ । पालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण कार्य गरी पालिकालाई आवश्यक दरबन्दी पारित गराई स्थाई पदपूर्ति गर्नुपर्दछ । स्थाई कर्मचारी नियुक्त गरी दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा बिषयगत कार्यक्रम सञ्चालन , सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य स्थाई पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

## ५९ कर्मचारी करार :

स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा ब्यबस्थापन , सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने ब्यबस्था छ । पालिकाले बिभिन्न पदमा ७० जना कर्मचारीहरुलाई करारमा राखी रु.१,७३,५६,८८८ भुक्तानी दिई खर्च लेखेको छ । जसमध्ये स्वीकत दरबन्दी भन्दा बाहिरको कर्मचारी करारमा भर्ना गरी खर्च लेखेको रकम नियम सम्मत नदेखिने हुँदा यसमा नियन्त्रण गरिनुपर्दछ ।

## ६० सुरक्षित आप्रवाशन (सामि)ः

सुरक्षित आप्रवसन कार्यक्रम मार्गदर्शन २०७९ वमोजिम पालिकामा वैदेशिक रोजगारलाई सुरक्षित मर्यादित र व्यवस्थित वनाउन नेपाल सरकारद्धारा सुरक्षित आप्रवासन कार्यक्रम संचालनमा रहेकोमा उक्त कार्यक्रममा रहेको कुल वजेट रु. २३,००,०००।०० मा रु. २०,७७,१६६।०० खर्च भएको छ। स्थानिय तहमा पार्श्व चित्रमा वैदेशिक रोजगार सम्वन्धि तथ्याङ्क संकलन गरी समावेश गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित वनाउंदै थप उपलव्धीमुलक वनाउने यो कार्यक्रमको मुल उछेश्य रहेको छ। उक्त कार्यक्रममा विभिन्न ५ जना कर्मचरी तथ्यांङ्क संकलकलाई रु. १४,५७,९९०।०० पारिश्रमिक खर्च र अभिमुखिकरण, क्षमता विकास तथा बैठक लगायतका शिर्षकमा रु. ६,१९,१७६।०० खर्च गरेको देखियो। श्रेष्ता परीक्षण गर्दा वित्तिय साक्षरता, मनोपरामर्शको कार्यक्रम र वैदेशिक रोजगारमा जाने कामदारलाई सिप क्षमता अभिवृद्धि गर्ने कार्यक्रममा विशेष ध्यान दिएको देखिदैन। पालिकाले यसको प्रभावकारिताका लागी थप कदम चाल्न आवश्यक देखिन्छ।

## ६१ प्रधानमन्त्री रोजगार कार्यक्रमः

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशका, २०७५ अनुसार स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा बाटो निर्माण काम लगायतका १६ निर्माण तथा मर्मतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८० जनालाई रोजगारी उपलव्ध गराई कुल ज्याला रु. ५० लाख २७ हजार ३६८ खर्च गरेको छ। लक्षित वर्गलाई औषत ९४ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम

खर्च समेत खर्च लेखिएको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना गर्न तर्फ पालिकाले जोड दिनुपर्दछ।

६२ **वितरण मुखि कार्यमा खर्च :**

पालिकाले चालु खर्च मितव्ययि र पूँजिगत खर्च नतिजामूलक देखिने गरि खर्च गर्नुपर्दछ ।लेखापरीक्षणको क्रममा नमूना छनौट गर्दा निम्नानुसारका गो.भौ.न.र मिति वाट वितरणमुखि कार्यमा खर्च गरेको देखियो यसरी वितरणमूखि एवं प्रतिफल प्राप्त नहुने कार्यमा खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

| गो.भौ.न. / मिति | प्रयोजन | भुक्तानि पाउने | रकम |
|---|---|---|---|
| ७४९।०८१-२-२३ | मेला महोत्सव | हाँडि गाँउ महोत्सव सञ्चालक समिति | ३,००,००० |
| ९०९।०८१-३-१९ | मेला महोत्सव | सूर्योदय युवा क्लव | २,००,००० |
| ८०६।०८१-३-५ | तिज कार्यक्रम | रामखानी कृषि आमा समूह | ३०,००० |
| ६८९।०८१-२-२ | मेला महोत्सव | कामख्या प्रतिष्ठान नेपाल | १९५०० |
| ५०५।०८०-१२-९ | तिज कार्यक्रम | साना किसान कृषि सहकारी संस्था | ३०००० |
| ४७१।०८०-११-२३ | तिज कार्यक्रम | तिज मेला ब्यबस्थापन समिति | ४५००० |
| ४२५।०८०-१०-२९ | तिज कार्यक्रम | उर्जाशिल महिला समूह | ३०००० |
| ३९०।०८०-१०-१९ | तिज कार्यक्रम | तिज मेला ब्यबस्थापन समिति केटिचौर | ३०००० |
| ३६७।०८०-१०-७ | तिज कार्यक्रम | रुद्रताल सामाजिक उधमि महिला सहकारी संस्था लिमिटेड | ३३८०० |
| ४०५।०८०-१०-२४ | तिज कार्यक्रम | प्रगतिशिल आमा समूह | ३०००० |
| ४३९।०८०-११-९ | तिज कार्यक्रम | बडा सचिव दिल बहादुर थापा | ३०००० |
| १०३९।०८०-३-२४ | तिज कार्यक्रम | ब्यबसायी नुर बहादुर थापा | ३०००० |

६३ **खर्चको पुष्टयाई :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९( ५ ) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने ब्यवस्था रहेको तथा गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली , २०७९ को नियम ३६ बमोजिम जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ ।लेखापरीक्षणको क्रममा भौचरहरुको नमुना छनौट गर्दा पालिकाले निम्न भौचरमा प्रयोजन नखुलाई खर्च गरेकोमा उक्त खर्च रकम अनियमित देखिएको रु.

| गो.भौ.नं. / मिति | प्रयोजन | रकम |
|---|---|---|
| ६३।०८०-५-२९ | फलफुल | १९,८०० |
| ५५।०८०-५-२८ | खाना / खाजा | १२,११० |
| ६६।०८०-५-२९ | खाना / खाजा | ११,३०० |
| १३१।०८०-७-२ | फलफुल | १३,४०० |
| १४४।०८०-७-१५ | चिया / खाजा | ४१,०७० |
| २११।०८०-८-१७ | चिया / खाजा | १५,८४० |
| २१८।०८०-८-१८ | खाना / खाजा | ७६,३५० |
| ४३७।०८०-११-६ | फलफुल | २९,३०० |
| | **जम्मा** | **२,१९,१७०** |

| | |
|---|---|
| अनियमित भएको | २,१९,१७० |

६४ **सोझै खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ ( २ ) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली , २०६४ को नियम ८४ मा रु.१० लाख देखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने ब्यबस्था छ । त्यस्तै खरिद नियमावली २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता , खरिद प्याकेज , खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने ब्यबस्था छ । पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाई पटक पटक खरिद गरेको देखिएको छ ।मसलन्द तथा कार्यालय सामाग्रीमा कूल विनियोजन रु.३५,००,०००।- र खर्च रु.३४,११,१९७।- गरेको छ। आवश्यकता पहिचान गरी ऐनको ब्यबस्था बमोजिम प्रतिष्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

केहि उदाहरण:

| गो.भौ.नं / मिति | आपूर्तिकर्ता | कार्य | खर्च रकम |
|---|---|---|---|
| ९९।०८०-६-२३ | पुरी कम्प्युटर सेन्टर , कुश्मा | ईन्भटर ब्याट्री खरिद | १,७२,००० |
| १३०।०८० -७ -२ | धौलागिरि अफसेट प्रेस शिवधाराचोक बागलुङ | मसलन्द तथा कार्यालय सामाग्री | ४,०१,३१९ |
| १४१।०८० – ७ - ३ | आचार्य डिजिटल भिडियो एण्ड फोटो स्टुडियो , जैमिनी | मसलन्द तथा कार्यालय सामाग्री | ८०,९३० |
| ८३४।०८१ -३ - १२ | अफिस सामान सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | ७,१०,६३५ |
| १३०।०८० -७ - २ | धौलागीरी अफसेट प्रेस | छपाई सामान | ४,०१,३१९ |
| ९०६।०८१ -३ - १८ | पर्वत स्पोट हाउस | मसलन्द तथा कार्यालय सामाग्री | ९८, ६४९ |

६५ **आर्थिक सहायता :**

स्थानिय सरकार सञ्चालन ऐन , २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता , चन्दा , पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने ब्यबस्था रहेको देखीदैन ।पालिकाले विभिन्न प्रयोजनको लागि यस वर्ष विभिन्न ब्यक्तिलाई सहायता स्वरुप रु.९,०३,०००।– आर्थिक सहायता वितरण गरेको विवरण प्राप्त भएको छ । यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नुपर्दछ ।

६६ **सहकारी संस्थाको अनुगमनः**

नेपालको संविधान २०७२ को अनुसुचि ८ मा सहकारी संस्था दर्ता ,अनुगमन, नियमन गर्ने अधिकार पालिकामा रहने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र सञ्चालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरेको विवरण देहाय बमोजिम रहेको छ ।

| **सहकारी संस्थाको किसिम** | **सहकारी संख्या** | **सदस्य संख्या** | **बचत रु** | **ऋण लगानी रु** | **जगेडा कोष** |
|---|---|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लि. | ४ | २२४ | २९८४०८९ | १७५८७५८० | ८७६४०५ |
| बहुउदेश्यीय सहकारी संस्था लि. | ४ | २५० | ४८०१३ | ४६७८०१७ | ० |
| कृषि सहकारी संस्था लि. | २६ | ४८८३ | ७४२८८५६५ | ११३२६८८२६ | २७८५५४५७ |
| उपभोक्ता सहकारी संस्था | ४ | १३३ | ० | ४८६३५४ | ० |
| **जम्माः** | ३८ | ५४९० | ७७३२०६६७ | १३६०२०७७७ | २८७३१८६२ |

पालिकाको कार्यक्षेत्रभित्र कुल ३८ सहकारी दर्ता भएकोमा यस वर्ष कुनै पनि सहकारीको अनुगमन भएको पाईएन । पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि अनुगमन भएको नदेखिदा सहकारी संस्थामा देखिएका विचलन न्युनिकरण गर्नका लागी सहकारी संस्थाको नियमित सघन अनुगमन गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : जैमिनी नगरपालिका, बागलुङ , जैमिनी नगरपालिका , बाग्लुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चेतनाथ गिरी | २०७९-६-६ | २०८०-५-२९ |
| कार्यालय प्रमुख | हरि बहादुर भुजेल | २०८०-६-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सूर्य बहादुर बि.क. | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १३६,८७६ | ३७,६८०,४४३.२१ | २२,८९८,८९१ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६०,७१६,२१०.२१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६०,७१६,२१०.२१ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ६४९६४७०८.५८ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५१७८४७५२४ | चालु खर्च | ४६००६०९४६.४५ |
| प्रदेश सरकारबाट अनुदान | २१२७७००० | पूँजीगत खर्च | १७१५५३३०९.५८ |
| राजश्व बाँडफाँट | ९४३९७५५५.५५ | वित्तीय/अन्य व्यवस्था | २३३७६९८०९.१७ |
| आन्तरिक आय | १३५४०९७५.०४ | | |
| अन्य आय | २१५३२०३८३.६२ | | |
| कुल आय | ८६२३८३४३८.२१ | कुल खर्च | ८६५३८४०६५.२ |
| बाँकी मौज्दात | | ६१९६४०८१.५९ | |

# सुझाव

पालिका द्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पालिकाका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्ने सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।